राष्ट्र, राष्ट्रियता र जनताका लागि

KADAR MEDIA PVT. LTD.
कदर मिडिया प्रा. लि.

# कदर पाक्षिक

■ वर्ष ६ ■ अंक २२ ■ २०७७, फाल्गुन १-१५ ( Feb.13-27, 2021) मूल्य रू. १५।-

## अब बोल्न नै नपाइने होर -माधवकुमार नेपाल

काठमाडौं । नेकपा नेत्री रामकुमारी झाँक्रीलाई पक्राउ गरेपछि प्रचण्ड-माधव समूहका अध्यक्ष माधवकुमार नेपालले रामकुमारी झाँक्रीलाई गिरफ्तार गरेकोमा विरोध गरेका छन्। नेकपा सोखुलुम्बुको प्रशिक्षण कार्यक्रममा अध्यक्ष नेपालले कुनै पनि मान्छे आलोचना भन्दा माथि हुन नसक्ने बताए ।

राजा वीरेन्द्रकी श्रीमती ऐश्वर्य बारे पम्फादेवीको नाममा स्वीस बैंकमा भएको खाता के हो भनेर बोलेको होइन ? राष्ट्रपतिमाथि खासै केही भनिएको होइन ।

काठमाडौंमा भएको आमसभामा पनि रामकुमारीले राष्ट्रपति संस्थाको सम्मान गर्ने तर व्यक्तिको हैसियतले गरेको काममा महिला भनेर उन्मुक्ति पाउन सक्नुहुन्न भनेको उनले सुनाए । बाँकी पृष्ठ १० मा

# केपी ओली जी, सभा यस्तो हुन्छ !



काठमाडौं । नेकपा प्रचण्ड-माधव समूहले राजधानीमा गरेको बृहत सभामा बोल्ने क्रममा अध्यक्ष प्रचण्डले नेकपाको आधिकारिकता विवादमा खेलाँची नगर्न निर्वाचन आयोगलाई चेतावनी दिएका छन् ।

संवैधानिक निकायले गलत गरे देशले दुःख पाउने भन्दै उनले खुट्टा नकमाउन सचेत गराएका हुन् । प्रधानमन्त्री केपी शर्मा ओलीले धम्क्याएपछि आयोगले गतिलो लक्षण नदेखाएको भन्दै उनले ३० दिने हदम्याद काइते तर्क मात्र भएको बताए ।

जनसभालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्ड निर्वाचन आयोगका कोही कोही मान्छे बढी नभनौ, भन्यो भने फेरि बिग्रिने हो कि भन्दै रोकिएका थिए ।

तर सहभागीहरुको हुटिङपछि उत्साहित भएका उनले '७० प्रतिशत हामीसँग छ' भनेर जाँदा विवाद सुरु भएको १० दिन पनि नभएको बताए । प्रचण्डले भने,'त्यसलाई हिसाब नगर्ने, केपी ओली गएर धम्क्याउने वित्तिकै त्यसलाई हिसाब गर्नुभयो भने तपाईको खुट्टी देख्छ नेपालले । उनले चेतावनी दिँदै भने, 'सजिलो नठान्नुहोला । नेपाली जनतालाई बाँकी पृष्ठ १० मा

## प्रधानमन्त्री ओली कागजी बादशाह हुन् - रामकुमारी झाँक्री



काठमाडौं । नेकपा प्रचण्ड-माधव समूहले राजधानीमा गरेको बृहत सभामा बोल्ने क्रममा नेत्री रामकुमारी झाँक्रीले राष्ट्रपति विद्यादेवी भण्डारीमाथि सन्की प्रधानमन्त्री केपी शर्मा ओलीको प्यादा बनेको आरोप लगाएकी छन् । प्रतिनिधिसभा विघटनको विरोधमा प्रचण्ड-माधव बाँकी पृष्ठ १० मा

## गणतन्त्र र संघीयता खारेज गर्न मिल्छ ?

काठमाण्डौ । अधिवक्ता विष्णु भट्टराईले सार्वभौम अधिकार जनतामा नरहेको दावीसहितको बहस गरेका छन् । सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटन विरुद्धको रिटमामाथि प्रधानमन्त्रीको तर्फबाट बहस गर्दै उनले जनताबाट निर्वाचित प्रधानमन्त्री भएकाले सार्वभौम अधिकार स्वतः प्रधानमन्त्रीमा रहने दावी गरे ।

उनले प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न पाउने जिकिर गर्दै संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्थामा चुनावमा जाने निर्णय प्रधानमन्त्रीले लिन्छन् भने त्यसलाई सबैले स्वीकार गर्नुपर्ने बताए ।

'घरमा हात्ती पालेको छ भने बोकालाई जति घांस हालेर अघाउदैन', उनले भने, भने, 'संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्थामा निर्वाचन गर्दैमा बहुदलीय व्यवस्था धरापमा पर्छ र ?, हात्ती पालेर निर्वाचनमा जान किन डराउने ?' संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्थामा निर्वाचनको 'चारो' हाल्न डराउन नहुने उनको भनाइ थियो । संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्थाको 'हात्ती पालेर बोकालाई जसरी थोरै घांस हाल्ने कुरा गर्न नमिल्ने' उनको तर्क थियो । उनले गणतन्त्र र संघीयता जस्ता विषय खारेज गर्न मिल्ने व्यवस्था संविधानमा रहेको पनि जिकिर गरे । 'गणतन्त्र, संघीयता खारेज गर्न नमिल्ने भन्ने प्रोभिजन संविधानमा छैन', उनले भने ।

केपी शर्मा ओली संविधानको धारा ७६ (१) अनुसार प्रधानमन्त्री बनेको भन्दै संविधानमा विघटनको व्यवस्था रहेको जिकिर गरे । संविधानमा विघटन गर्ने अधिकार बारे बाँकी पृष्ठ १० मा

## मांसाहारी आन्दोलन गर्नेलाई चिडिया खानामा लगेर थुनिने छ - गृहमन्त्री, बादल



काठमाडौं । नेकपा सत्तारुढ ओली समूहले राजधानीमा गरेको बृहत जनसभामा बोल्ने क्रममा नेपाल सरकारका गृहमन्त्री रामबहादुर थापा बादलले मांसाहारी आन्दोलन गर्नेहरुलाई जावलाखेलको चिडियाखानामा लगेर थुन्ने चेतावनी दिएका छन् । गृहमन्त्री थापाले प्रचण्ड-माधव पक्षलाई संकेत गर्दै उनीहरुलाई जावलाखेलको बाँकी पृष्ठ १० मा

## मेरो गोरुको बाह्रै टक्का

पाक्षिक स्तम्भ
समर रोकाया



नेपालका कम्युनिष्टहरु कहिल्यै मिल्दैनन् भन्ने उदाहरणलाई निमिट्यान्य पार्दै तीन वर्ष अघि २०७५ साल जेठ ३ गते तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकीकरण गरेर नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) राखेर निर्वाचन आयोगमा दर्ता भएपछि नेपालमा झन्डै दुईतिहाई नजिकको सरकार र प्रतिपक्षले समेत हल्लाउन नसक्ने नेकपा पार्टी निर्माण भएको थियो । केन्द्र, प्रदेश र स्थानीय तहसम्म स्पष्ट बहुमत रहेको नेकपा भित्र अहिले विवाद चर्किएर कतिखेर फुट्ने हो भन्ने दुबिधामा गुज्रिरहेको छ । मुख्यतय नेकपा दुई अध्यक्ष ओली-प्रचण्ड र वरिष्ठ नेता माधव नेपालबीच टकरावको स्थिति देखिएको छ । ओली पक्षले एकलौटी तरिकाले सरकार र पार्टी चलाउन खोजेको छ भने प्रचण्ड-माधवले ओलीको स्वयच्छाचारी कदम र एकलौटी हर्कतका कारण ओलीले दुई पद मध्ये एक पद मात्र सम्हाल्नु पर्ने माग र प्रस्तावका बिच हिँडेको नेकपा एकाएक दुई धारमा सडकमा पोखिएको छ । पार्टीको सचिवालय, पोलिट्ब्यूरो र केन्द्रीय कमिटीमा स्पष्ट अल्पमतमा रहेका ओली पार्टीको सबै प्रकारकार बैठक छल्दै आफूखुी निर्णय गर्दै छन् भने पार्टीको सबै निकायमा स्पष्ट बहुमतमा रहेका प्रचण्ड-माधव समूहले बाँकी पृष्ठ १० मा

नहरका  तीन द्धारा : क्रोध, वासना र लोभ हुन् । -गीता

**कदर मिडिया प्रा.लि. द्धारा प्रकाशित**

जि.प्र.का.काठमाण्डौं । द.नं: ८०/०७१/०७२

# कदर पाक्षिक

अध्यक्ष/प्रधान-सम्पादक
;d/ /f]sfof

सम्पादक
तारादेवी कार्की (रोकाया)

सल्लाकार
मिनबहादुर शाही

कानुनी सल्लाकार
एन. के. बस्नेत

प्रमुख संवादाता
कृष्णबहादुर कार्की

व्यवस्थापक
अनिल बोहोरा

मुद्रण : पुष्पाञ्जली छापाखाना,अनामनगर, काठमाडौ

**सम्पर्क कार्यालय**

चनपा-१२, चुनदेवी, बलम्बु, काठमाण्डौं

मोबाइल : ९८४९८३०५२६, ९८४७६४५६३६, ९८१८६४५१५०

**E-mail :–**

kadarp792@gmail.com

kardarmida@gmail.com

kadarnews@gmail.com

Web :- www.kadarnews.com

काठमाडौं वितरक
धर्मपथ, न्यूरोड

# सम्पादकीय

## नेकपाको भविस्य कता ?

नेकपाभित्र ओली र प्रचण्ड-माधव समूहको टकरावका कारण अहिले पार्टीको विवाद पार्टीभित्र मात्र नभएर अदालत, निर्वाचन अयोग सडकहुँदै जनसमुदायको घरघरमा पुगेको छ । एकीकरण भएको करिब ३३ महिनापछि विछोड हुन लागेका ओली, प्रचण्ड र माधव सम्मिलित दुईतिहाइको नेकपाको भविस्य अहिले सर्वोच्व अदालतको कोटमा परेको छ । अदालतमा तीन वर्ष अघि अर्को नेकपा का अध्यक्ष ऋषि कट्टेलले नेकपा आफ्नो भएको र सो पार्टी को आधिकारिता आफुलाई दिनु पर्ने भनेर रिट निवेदन माथि अहिले सर्वोच्वमा फैसलाको अन्तिम टुङ्गोमा पुग्न लागेको छ ।

तीन वर्ष अघि शक्ति र पावरकै भरमा निर्वाचन आयोगले त्यस भन्दा अगाडी ऋषि कट्टेलको नेतृत्वमा रहेको नेकपालाई साइड लगाउँदै ओली प्रचण्डको नेकपालाई दर्ता संगै मान्यता दिएको थियो । अहिले ओली प्रचण्डको नेकपामा विवाद उत्पन्न भई फुटको संघारमा रहेको बेला यही मौका छोपी सर्वोच्वले फैसला सुनाउन लागेको छ । सडकमा अहिले दुबै खेमा नेकपाको आधिकारिक आफु नै भएको दाबी गर्दै सभा, जुलुस र दबाब पनि दिइरहेका छन् । त्यसमा नेकपा दुबै खेमाले एकअर्कालाई कारवाही र निकाल्ने परि घटघटना चलिरहेको बेला नेकपा कसको भन्ने निर्क्योल फैसलाको पखाईमा सबैको ध्यान मोडिएको छ ।

**पाक्षिक फोटो फिचर** सभा बिर्षजनपछि सरसफाई गदै नेता नारायणकाजी श्रेष्ठ



# अब देश निकै कहालिलाग्दो अवस्थातिर जादै छ



दृष्टिकोण
मोहन बैद्य (किरण)

प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपतिद्वारा पौष पांच गते प्रतिनिधि सभा विघटन र आगामी वैशाखमा मध्यावधि निर्वाचनको घोषणा गरियो ।

प्रम ओलीको यस कदमलाई असम्वैधानिक बताउँदै सर्वोच्च अदालतमा दर्जनभन्दा बढी रिट निवेदन परेका छन् ।

यी रिटहरूबारे सम्वैधानिक इजलासमा सुनुवाइ भइरहेको छ । यो बेला देशमा एकातिर राजनीतिक माहोल निकै तातिएको छ भने अर्कोतिर अनेकौं अनिष्ट र आशङ्काका बादल मडारिएका छन् ।

डबल नेकपाका नेताहरू एकले अर्कोमाथि आरोपहरूको वर्षा गर्दै सडक तताइरहेका छन् । एउटा समूह प्रतिनिधि सभाको विघटनलाई असम्वैधानिक बताउदै त्यसको पुन:स्थापनाका लागि सर्वोच्च अदालतमा रिट निवेदन दिन गएको छ भने अर्को समूह मध्यावधि निर्वाचन हुन्छ हुन्छ भन्दै निर्वाचनको तयारीमा लागेको छ । दुबै समूह दर्ताका लागि निर्वाचन आयोगमा गएका छन् । तेस्रो समूह पार्टी फुटाउनु हुन्न भन्दै हारगुहार गरिरहेको छ ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले प्रतिनिधि सभाको विघटनलाई असम्वैधानिक कदम बताउँदै सडक तताउन उत्रिएको छ । परन्तु त्यसभित्र एउटा समूह संविधान सभा पुन:स्थापना र अर्को समूह मध्यावधि निर्वाचनको पक्षमा उभिएका देखिन्छन् । जेहोस्, नेपाली कांग्रेस आफ्ना लागि सुअवसर आउंदै छ भनेर मख्ख परिरहेको छ ।

प्रतिनिधि सभा विघटन पश्चात् अतीतमुखी तथा पुनरूत्थानवादी शक्तिहरूले टाउको उठाउन थालेका छन् । उनीहरू गम्भीर प्रकृतिको सम्वैधानिक सङ्कट उपस्थित भएको भन्दै एकातिर गणतन्त्र, धर्मनिर पेक्षता तथा सङ्घीयतामाथि ठाडो चुनौती तेर्स्याइरहेका छन् भने अर्कोतिर हिन्दू अधिराज्य र राजतन्त्रको पुन:स्थापमा जोड दिइरहेका छन् ।

कैयौं कानुन तथा संविधान विदहरूले प्रतिनिधि सभा विघटनको परिघटनालाई अस्वाभाविक, असहज वा कुनै अनिष्टको सङ्केतका रूपमा लिएका छन् ।
कतिपय पूर्व न्यायाधीशहरूका अनुसार यस परिघटनाले संसदलाई मात्र नभई व्यवस्था र संविधानलाई नै प्रभावित पार्न र देशमा भयावह राजनीतिक अवस्थाको सिर्जना हुन सक्तछ । कानुन तथा संविधान विदहरूका यस प्रकारका अभिव्यक्ति पनि मननीय रहेका छन् ।

सांचो अर्थमा अब देश निकै कहालिलाग्दो अवस्थातिर जांदै छ । सर्वोच्च अदालत द्वारा मध्यावधि निर्वाचन वा प्रतिनिधि सभाको पुन:स्थापना मध्ये कुनै एकको पक्षमा फैसला गरिएला । तर त्यस स्थितिमा पनि देशमा संसदीय यथास्थितिवादकै चक्र घुमिरहने हो र त्यसबाट विकराल बन्दै आएका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको सम्बोधन वा समाधान हुनै सक्तैन ।

देशभित्र सत्ताधारी राजनीतिक शक्तिहरूका बीच अन्तर्विरोधहरू तीब्र बन्दै र वैदेशिक चलखेल अझै बढ्दै गएमा सङ्कटकाल लागु गरिन पनि सक्तछ । त्यो बेला देश झनै निरङ्कुशतावाद, फासिवाद वा पुनरूत्थानवाद को भयावह दिशामा धकेलिन सक्तछ ।

यद्यपि संसदीय व्यवस्थाभित्र संसद विघटन र मध्यावधि निर्वाचनको विषयलाई सामान्य परिघटनाका रूपमा लिने गरिन्छ । कुनै खास स्थिति र सन्दर्भमा यस प्रकारको परिघटना सामान्य पनि हुन सक्तछ ।

परन्तु संसदमा आफ्नै पार्टीको झण्डै दुई तिहाइ बहुमत छदाछदै आन्तरिक कलह र सत्तालिप्साका कारण यसरी संसद विघटन गरिनुलाई वस्तुत: एक असामान्य परिघटनाका रूपमा नै लिनु पर्दछ ।
उक्त सबै पक्ष र सन्दर्भमाथि ध्यान दिदा विषयलाई हल्का होइन गम्भीरतापूर्वक लिन र त्यसको विश्लेषण गर्न आवश्यक देखिन्छ ।

आखिर प्रतिनिधि सभा विघटनको असली सारतत्व के हो रु मूलत: त्यसका तीन पक्ष छन् र ती तीन ओटै पक्षमाथि दृष्टिपात गर्न जरूरी छ ।

पहिलो, देशमा विकराल बन्दै आएका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको सम्बोधन र समाधान गर्न पुरानो राज्यसत्ता र संसदीय व्यवस्था असफल साबित भइसकेका छन् ।

त्यसैले प्रतिनिधि सभा विघटनको यो कदम आर्थिक, राजनीतिक र सांस्कृतिक रूपमा सङ्कटग्रस्त बन्दै आएको पुरानो राज्यसत्ता र संसदीय व्यवस्थाको असफलताको द्योतक तथा परिणाम हो ।

दोस्रो, यो कदम वर्तमान राज्यसत्ता तथा व्यवस्थाका साथसाथै दक्षिणपन्थी संशोधनवादको समेत असफलताको अभिव्यक्ति हो ।

आफ्नै पार्टीभित्र कुनै गम्भीर प्रकृतिका सैद्धान्तिक तथा राजनैतिक विषय नभई पदीय भागबन्डा, व्यक्तिगत स्वार्थ र प्रतिष्ठाका खातिर चल्दै आएको अन्तर्कलहको विस्फोटनका रूपमा यस प्रकारको परिघटना घटित हुन पुगेको हो । यसलाई दक्षिणपन्थी संशोधनवादको पतनका अर्थमा समेत ग्रहण गर्नु पर्दछ ।तेस्रो, प्रतिनिधि सभा विघटनका पछाडि आ-आफ्ना स्वार्थ सिद्धिका लागि साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूको अतिशय चलखेलले पनि एउटा कारक तत्वको काम गरेको छ । यो बेला वैदेशिक चलखेल तथा हस्तक्षेप निकै तीब्र गतिमा बढ्दै आएको छ । त्यसतर्फ पनि हाम्रो ध्यान जानै पर्दछ ।

कतिपय संसदवादी राजनीतिक दलहरूले पौष पांच गतेको कदमलाई कम्युनिस्टहरू को असफलताका रूपमा अर्थ्याउने काम पनि गर्दै आएका छन् ।

परन्तु त्यो तथ्यहीन र गलत भनाइ हो । डबल नेकपा नक्कली कम्युनिस्ट पार्टी हो र त्यसको असफलताको बिल्ला क्रान्तिकारी कम्युनिस्ट शक्तिमाथि भिराउन मिल्दैन ।

सच्चा कम्युनिस्टहरूले डबल नेकपालाई प्रतिक्रियावादमा गिरेको दक्षिणपन्थी संशोधनवादी शक्ति बताउदै त्यसको विरोध तथा भण्डाफोर गर्दै आएको यथार्थ जगजाहेर नै छ ।

त्यसैले वास्तविक अर्थमा यो परिघटना एकैसाथ संसदवाद र दक्षिणपन्थी संशोधनवाद दुबैको असफलताको अभिव्यक्ति नै हो ।

संसदीय व्यवस्था असफल बन्दै गएको, सत्ताधारी वर्ग तथा राजनीतिक दलहरूका बीच नाना तरहका अन्तर्विरोध एवम् अन्तर्कलह चर्कदै जान थालेको, वैदेशिक चलखेल तीब्ररूपमा बढ्दै गएको र राष्ट्रिय स्वाधीनताको रक्षा, जनताका जनतान्त्रिक हक अधिकारको प्राप्ति एवम् जनजीविकाका समस्या विकराल भइरहेको वर्तमान स्थितिमा देश र जनताको भविष्यका लागि सही विकल्पको आवश्यकता टड्कारो बन्न गएको छ । अब देश पुरानै ढर्रा र गतिमा चल्न सक्तैन । देश र जनताको समुज्ज्वल भविष्यका लागि नेपालमा नयाा जनवादी राज्यसत्ताको स्थापना एक अनिवार्य ऐतिहासिक आवश्यकता बन्न गएको छ । नयां जनवाद वैज्ञानिक समाजवादको अभिन्न अङ्ग हो र आजको सवोत्तम विकल्प भनेको वैज्ञानिक समाजवाद नै हो । अब हामी नयां जनवाद हुादै वैज्ञानिक समाजवादमा जानका लागि सङकल्पबद्ध भएर अगाडि बढ्न र क्रान्तिको तयारीका काममा जुट्न आवश्यक छ ।

क्रान्तिका लागि वस्तुगत परिस्थिति परिपक्व बन्दै गएको छ । परन्तु, क्रान्तिकारीहरूको आत्मगत परिस्थिति भने कमजोर नै छ ।

यस अवस्थामा विभिन्न क्रान्तिकारी कम्युनिस्ट समूह रक छितरिएर रहेका तथा दक्षिणपन्थी संशोधनवादको भ्रमजालबाट मुक्त हुादै आएका क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध तुल्याउन अनिवार्य भएको छ । यसबारे सम्बन्धित सबैले गम्भीरतापूर्वक सोंच्न र आवश्यक पहल गर्न जरूरी छ ।

साथै, आज हामीले सच्चा देशभक्त, जनवादी एवम् वामपन्थीहरूका बीच एकातिर राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्यालाई लिएर र अर्कोतिर देशमा घट्न सक्ने कुनै पनि अनिष्टका विरूद्ध सतर्क भएर संयुक्त मोर्चा वा कार्यगत एकता गरी संयुक्त सङ्घर्षलाई प्रभावकारी ढङ्गले विकसित गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ ।

## विचार स्तम्भ



प्रधानमन्त्री केपी जी सभा कस्तो हुन्छ यता हेर्न आउनुहोस् ।

प्रचण्ड
**अध्यक्ष, नेकपा**



विद्यादेवी भण्डारी सन्की प्रधानमन्त्री केपी शर्मा ओलीको प्यादा बनिन् ।

रामकुमारी झाक्री
**नेतृ, नेकपा**

# कार्यकर्ताबिना पार्टीले आफ्नो लक्ष्य हासिल गर्न मुस्किल हुन्छ



हाम्रा पार्टी संगठनहरुलाई अवश्य पनि देशभरि फिजाउनु पर्दछ र हामीले निश्चित उद्श्येका साथ दशौ हजार कार्यकर्ताहरुलाई र पहिलो दर्जाका सैयौ नेताहरूलाई तालिम दिनु पर्दछ ।

उनीहरूले मार्क्सवाद - लेनिनवादमा निपुर्ण भएका, राजनीतिक रुपले दूरदर्शी, काममा खुब सिपालु , त्यागको गहिरो भावनाले भरिएका ,आफै अघि सरेर समस्याहरुसंग जुध्ने कुशलता भएका, अति अप्ठ्यारा अवस्थाहरुमा समेत विचलित नहुने राष्ट्र , सर्वहारा वर्ग र पार्टीको सेवा गर्न वफादार र भक्त कार्यकर्ता र नेता हुनैपर्छ ।

यस्ता कार्यकर्ता र नेताहरूमा नै पार्टीले आफ्ना सदस्यहरु तथा जनतासितको सम्बन्धको निम्ति भर गर्छ र जनताको दृढ नेतृत्वको लागि उनीहरूमा भर गरेर नै पार्टी शत्रुलाई पराजित गर्न सफल हुन्छ। यस्ता कार्यकर्ता र नेताहरू स्वार्थीपनबाटफ , व्यक्तिवादी शुर्याई र आडम्बरबाटफ, आलस्य र उदासिनताबाट र आफ्नै कुरा माथि पार्ने गुटवादबाट मुक्त हुनुपर्छ र उनीहरूले अवश्य पनि निस्वार्थ भएर राष्ट्रिय तथा वर्गीय वीर यरुोध्दा हुनुपर्छ, हाम्रो पार्टीका सदस्य, कार्यकर्ता र नेताहरूमा हुनुपर्ने गुणहरु र कार्यशैली त्यस्तै हुन् ।

- माओ त्सेतुङ , जापानी आक्रमण विरोधी राष्ट्रिय संयुक्त मोर्चाको निम्ति लाखौं जनसमूहलाई आफूपट्टि तान , ( मे ७ , १९३७ )

क्रान्तिकारी कम्युनिस्ट पार्टीका लागि पार्टी स्कुलिङ किन आवश्यक छ भन्ने कुरा कमरेड माओका माथिका भनाइहरुबाट स्पष्ट हुन्छ । पार्टीले आफ्नो लक्ष्य प्राप्तिका लागि राजनीतिक कार्यदिशा ठोस गरिसके पछि त्यसको सफल कार्यान्वयनका लागि कार्यकर्ताहरु निर्णययात्मक तत्व बन्न पुग्दछन् । पार्टीको नीति ,कार्यक्रम, योजना आदि पार्टीले आफ्ना कार्यकर्ताहरुद्वारा जनताका माझमा पुर्याउने हो। त्यसो भएकोले कार्यकर्ताहरु देश, जनता र क्रान्तिप्रति प्रतिबद्ध र समर्पित भएको हुनु पर्दछ ।

महान् क्रान्तिको ऐतिहासिक कार्षभार आफ्नो कांधमा बोकेर हिडेको एउटा क्रान्तिकारी पार्टीका निम्ति लौह फलामे अनुशासनले लैस भएका कार्यकर्ताबिना पार्टीले आफ्नो लक्ष हासिल गर्न मुस्किल हुन्छ । यश प्रकारका देश , जनता र क्रान्तिप्रति प्रतिबद्ध र समर्पित कार्यकर्ताहरु निर्माण गर्नका निम्ति पार्टीले नयां नयां कार्यकर्ताहरु भर्ती गरेर मात्र हुदैन ।

पार्टीका महत्वपूर्ण स्थान र तहमा जिम्मेवारी दिएर मात्र हुदैन। पहिलो नम्बरमा उनीहरूलाई सर्वहारा वर्गको मुक्तिको सिध्दान्त मार्क्सवाद - लेनिनवाद - माओवादका आधार भूत सिध्दान्तद्वारा दिक्षित तुल्याउन जरुरी हुन् । अर्थात् मार्क्सवादका आधारभूत सिध्दान्तहरु, यसमा मार्क्सवादका तीन संघटक अंग - दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका आधारभूत सिध्दान्तद्वारा शिक्षित तुल्याउन जरुरी हुन्छ ।

किनभने सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता , कार्यकर्ताहरुका लागि दर्शनको आवश्यकता पर्दछ। किनकि दर्शनले मानिसलाई विश्वदृष्टिकोण दिन्छ । दर्शन त दुनियाामा धेरै प्रकारका छन् - जसमध्ये आदर्शजादी दर्शन र भौतिकवादी दर्शन गरी यश दुनियाामा मुख्यतः दुईवटा दर्शन छन् ।

त्यस मध्ये आदर्शवादी दर्शन अल्पसंख्यकहरुको दर्शन हो। शोषक र शासकहरुको दर्शन हो । यसले आजसम्म यही शोषक वर्ग र शासक वर्गको सेवा गर्दै आएको छ भने यसको ठिक बिपरित भौतिकवादी दर्शनले बहुमतसंख्याको , शासित र उत्पीडित जनसमुदायको , श्रमजीवी वर्गको , पसिना बगाएर काम गरि खाने वर्गको सेवा गर्दै आएको छ ।

यो भौतिकवादी दर्शन नै मार्क्सवादी दर्शन हो। मार्क्सको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । यसको सिध्दान्त भौतिकवाद हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद सर्वहारा वर्गको विश्व दृष्टिकोण हो । यही दर्शनले मात्र मानिसलाई संसारलाई वैज्ञानिक ढंगले हेर्ने , बुझ्ने , ब्याख्या गर्ने , विश्लेषण र संश्लेषण गर्ने तथा त्यसलाई बदल्ने विश्वदृष्टिकोण पैदा गर्दछ ।

दृष्टिकोण नभएको मानिस जरा नभएको रुख तुल्य हुन्छ । यस कारणले मानिसलाई विश्व दृष्टिकोणको आवश्यकता पर्दछ । त्यसमा पनि वैज्ञानिक विश्वदृष्टिकोण भौतिकवादी विश्वदृष्टिकोण , मार्क्सवादी - लेनिनवादी - माओवादी विश्वदृष्टिकोण , अर्थात् द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणको आवश्यकता पर्दछ ।



क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता ,कार्यकर्ताहरु विश्व सर्वहारा वर्गका महान् नेता स्टालिनकै शब्दमा कम्युनिस्टहरु विशेष धातुले बनेका भएकाले उनीहरूलाई दार्शनिक रुपले , सैध्दान्तपक रुपले, वैचारिक रुपले र व्यवहारिक रुपले समेत परिवक्क्व तुल्याई राख्नका निम्ति ,उनीहरूको दार्शनिक र सैध्दान्तिक धारलाई भुत्ते हुन नपावस भन्नाका निम्ति , सैध्दान्तिक र व्यवहारिक रुपमा विचलन पैदा हुन नपावस भन्नका निम्ति उनीहरूलाई मार्क्सवादी द्वन्द्ववादी ज्ञान- सिध्दान्तका आधार भूत सिध्दान्तहरु द्वारा शिक्षित तुल्याउदै रहनुपर्ने हुन्छ ।

मार्क्सवादी ज्ञान सिध्दान्त आर्जन नगरेको, मार्क्सवादका आधारभूत सिध्दान्त, त्यसको पध्दतिहरुलाई पालना गर्न नसकेको कुनै पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता ,कार्यकर्ताहरु सधैं क्रान्तिकारी भइर हन संभव हुदैन ।
उनीहरूमा छिटो छिटो अवसरवादको विकास हुन्छ र उनीहरमाथि तुफानीका रुपमा विचलन पैदा हुन्छ र प्रतिक्रान्तिकारी र प्रतिक्रियावादी बन्न पुग्दछ र बिजातीय तत्वमा विलिन हुन पुग्दछ ।

यश प्रकारका कम्जोरीहरु विश्व कम्युनिस्ट आन्दोलन र नेपाल कै कम्युनिस्ट आन्दोलनमा थुप्रै उदाहरणहरु पाइन्छन् । जस्तो एक कालखण्डमा अति क्रान्तिकारी कम्युनिस्ट पार्टीको रुपमा रहेर महान् दस वर्षे जनयुद्धको नेतृत्व गरेका प्रचण्ड/बावुराम भित्र मौलाएको चरम अवसरवादले उनीहरूलाई नव संशोधनवादको बाटो भएर घोर दक्षिणपन्थी बनेर एमाले/काग्रेस लगायतका बुर्जुवा पार्टीहरुमा विलय भएर प्रतिक्रियावादी कित्तामा पुगेर प्रतिक्रियावादी / फासीवादी सत्तामा पुगेका उदाहरणहरु हाम्रा सामु खडा छ ।

यस विषयमा चर्चा गरिरहेको अवस्थामा एउटा के कुरामा हेक्का राख्न जरुरी हुन्छ भने कम्युनिस्ट पार्टीका नेताहरुलाई प्रशिक्षित तुल्याउनु पर्दैन / केन्द्रीय नेतृत्वलाई स्कुलिङ गर्नु पर्दैन, कार्यकर्तालाई मात्र स्कुलिङ गर्नु पर्छ । यति गरे कम्युनिस्ट पार्टी क्रान्तिकारी भइरन्छ भन्ने बुझाई रहेको पाइन्छ ।

यो बुझाई विश्वदृष्टिकोणको फाटमा अधिभूतवादी चिन्तन भित्र पर्छ । त्यसो भएर क्रान्तिकारी कम्युनिस्ट पार्टीले नेता तथा कार्यकर्ता दुबैलाई व्यवस्थित र योजनाबध्द ढंगले स्कुलिङ गर्न जरुरी हुन्छ । र , हामीले यश विषयमा द्वन्द्ववादी ( मालेमावादी ) विश्वदृष्टिकोणलाई अबलम्बन गर्न जरुरी हुन्छ ।

माथि कमरेड माओले भनेका कुराहरुले पनि प्रष्ट पारेको छ कि उहाले, हजारौं कार्यकर्ताहरु र सैयौ नेताहरुलाई तालिम दिनु पर्छ भन्दै क्रान्तिकारी नेता , कार्यकर्ता निर्माण गर्ने मार्क्सवादी-लेनिनवादी कार्यशैलीका बारेमा प्रष्ट पार्नु भएको छ । हामीले पनि कमरेड माओका यी शिक्षा ग्रहण गर्न आवश्यक हुन्छ ।
यश प्रकारको दुर्घटनाबाट बचाउन र सधै उसलाई क्रान्तिकारी बनिरहन सक्ने बनाउने एक मात्र सैध्दान्तिक , दार्शनिक , वैचारिक र व्यवहारिक हतियार भनेको मार्क्सवाद- लेनिनवाद - माओवादका आधार भूत सिध्दान्तहरु नै हुन् । यो कुनै चन्दनको टीका होइन। यो एउटा वैज्ञानिक दर्शन , वैज्ञानिक सिध्दान्त र व्यवहारिक सिध्दान्त भएकोले यसको गहिरो एवम् गहण अध्ययनको आवश्यकता पर्दछ ।

यसको प्राप्तिको लागि एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीको कार्यकर्ताका लागि पार्टी स्कुलिङको आवश्यकता पर्दछ । स्कुलिङको महत्व भनेको कम्युनिस्ट पार्टीका नेता , कार्यकर्ताहरुलाई व्यवस्थित र योजनाबध्द ढंगले र वैज्ञानिक ढंगले मार्क्सवादी ज्ञान आर्जन गराउनु हो , सिकाउनु हो ।

अध्ययन भनेको ज्ञान आर्जन गर्नु हो । विगतका ज्ञानहरु , अनुभवहरु , अनुभूति हरुलाई बुझ्ने र वर्तमानलाई विश्लेषण गरि ज्ञानकोअद्यावधिक गर्नुलाई अध्ययन भनिन्छ । जुन अध्ययनबाट अनुसन्धान गरि व्यवस्थित रुपमा ज्ञान प्राप्त गरिन्छ ,त्यसलाई वैज्ञानिक अध्ययन पद्धति भनिन्छ ।
सही ज्ञान कहांबाट प्राप्त हुन्छ ? वस्तुगत जगतबाट सही ज्ञान प्राप्त हुन्छ। ज्ञानको मुख्य श्रोत - प्रत्यक्ष अनुभव हो , सामाजिक व्यवहार हो । ज्ञान एउटा विज्ञानको विषय हो ।

ज्ञान प्राप्त गर्ने सन्दर्भमा कमरेड माओ अगाडि प्रकाश पार्नु हुन्छ - प्रायः पदार्थबाट चेतनामा लग्ने र फेरी पदार्थमा फर्काउने अर्थात् व्यवहारबाट ज्ञानमा लग्ने र फेरि व्यवहारमा फर्काउने बारम्बारका अनेकौं क्रम पछि मात्र सही ज्ञान प्राप्त गर्न सकिन्छ। ज्ञान सम्बन्धि मार्क्सवादी सिध्दान्त ज्ञानको द्वन्द्वात्मक भौतिकवादी सिध्दान्त यस्तो छ। ज्ञान सिध्दान्तको क्षेत्रमा कमरेड माओको यो भनाई अत्यन्तै व्यवहारिक र वैज्ञानिक रहेका छन् । ज्ञान आर्जन गर्ने वैज्ञानिक तरिका यही नै हो ।
अध्ययन गर्ने दुई पध्दति छन् - (१) अधिभूतवादी अध्ययन पध्दति र (२) वैज्ञानिक ( द्वन्द्वात्मक ) अध्ययन पध्दति ।

अधिभूतवादी अध्ययन पध्दतिमा ठोस प्रमाण र वस्तुगत यथार्थमा आधारित नभई कल्पना र विचारको शृङ्खलाको आधारमा निचोड निकालिने गरिन्छ, यश प्रकारको अध्ययन पध्दतिलाई अधिभूतवादी अध्ययन पध्दति भनिन्छ ।

वैज्ञानिक ( द्वन्द्ववादी ) अध्ययन पध्दतिमा ठोस प्रमाणका आधारमा गरिने व्यवस्थित अनुसन्धान तथा वैज्ञानिक अनुसन्धान हो । यो प्रायोगिक अनुसन्धान पध्दति हो । वैज्ञानिक अध्ययन पध्दतिको विकास चार्ल्स डार्विनबाट भएको हो ।यो विज्ञानमा मात्र नभएर समाजशास्त्र ,राजनीतिक शास्त्र , अर्थशास्त्र लगायत सम्पूर्ण विषयमा प्रयोग गरिने विधिको रुपमा रहेको छ ।

- हस्तबहादुर केसी

वैज्ञानिक अध्ययन पध्दतिमा द्वन्द्वात्मकको नियमलाई मार्क्सवादले अपनाएको छ। वैज्ञानिक अनुसन्धान पध्दति नै वैज्ञानिक ( द्वन्द्वात्मक ) अध्ययन पध्दतिको मूल आधार हो। अध्ययनका क्षेत्रमा मार्क्सवादी पध्दति अर्थात् द्वन्द्वात्मक भौतिकवादी पध्दति नै वैज्ञानिक अध्ययन पध्दति हो । मार्क्सवादी अध्ययन पध्दति नै वैज्ञानिक ( द्वन्द्वात्मक ) अध्ययन पध्दति हो ।
मालेमावादी अध्ययन पध्दतिका दुईवटा अध्ययनका तरिकाहरु रहेका छन् । (१) स्वअध्ययनको तरिका र ( २) पार्टी स्कुलिङको तरिका ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी र कम्युनिस्टहरूले प्रयोगमा ल्याएको अध्ययन पध्दति र प्रचलनमा रहेको स्वअध्ययनको पध्दतिलाई पहिलो तरिका मान्दछन् । ठूला ठूला वैज्ञानिकहरुले स्वअध्ययनलाई नै पहिलो तरिका अप्नाइएको पाइन्छ ।

गहिरो स्वअध्ययनकै तरिका र माध्यमबाट आफ्नो अनुसन्धानलाई वैज्ञानिकहरु सफल तुल्याउन सार्थक रहेको पाइन्छ। कार्ल मार्क्स - फ्रेडरिक एंगेल्सले पनि स्वअध्ययनकै तरिकाबाट संसारका हरेक चीजहरो गहिरो र गहण अध्ययन गरेर मार्क्सवादको प्रतिपादन गर्न सफल हुनु भएको थियो ।

अर्कोतर्फ क्रान्तिकारी कम्युनिस्ट पार्टी र क्रान्तिकारी कम्युनिस्टहरूले स्वअध्ययनको पद्धतिलाई अध्ययनको पहिलो तरिका मान्नुका साथै पार्टी स्कुलिङको अध्ययनको पध्दतिलाई अंगिकार गरेको पाइन्छ ।

सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरु र सच्चा क्रान्तिकारी कम्युनिस्टहरूले आ□ना नेता , कार्यकर्ताहरुलाई अनुशासित , योजनाबद्ध तरिकाले अध्ययन गर्न र देश, जनता र क्रान्तिका लागि समर्पित नेता, कार्यकर्ताहरु तयार पार्न र मार्क्सवादका आधारभूत सिध्दान्तहरुबाट दिक्षित तुल्याउनका निम्ति पार्टी स्कुलिङको व्यवस्था गर्दै आएका छन् ।

मार्क्सवादका आधारभूत सिध्दान्तहरु अर्थात् मार्क्सवादका तीन संघटक अंगहरु-दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका समग्र विषयमा दिक्षित नबनाएसम्म क्रान्तिकारी नेता, कार्यकर्ताले भरिपूर्ण भएको अब्बल दर्जाको क्रान्तिकारी कम्युनिस्ट पार्टी भन्न सकिदैन । त्यसो भएर नै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुले पार्टी स्कुलिङको व्यवस्था गर्दै आएका छन् ।

# प्रशान्त महासागरमा शक्तिशाली भूकम्प

काठमाडौं । दक्षिण प्रशान्त महासागरमा शक्तिशाली भूकम्प गएको छ । भूकम्पपछि सुनामीको चेतावनी दिइएको छ ।

अमेरिकी भूवैज्ञानिक एजेन्सीका अनुसार हिजो बुधबार साँझ ७.७ म्याग्निच्युटको भूकम्प गएको हो । यो भूकम्प लोयल्टी द्वीप समूहबाट १० किलोमिटर दक्षिण पूर्वी गहिराइमा गएको थियो । यसको धक्का न्यूजील्याण्डदेखि इन्डोनेसिया सम्म महसुस गरिएको छ । यद्यपि भूकम्पले पुर्याएको क्षतिको विवरण आइसकेको छैन ।

यसैबीच अष्ट्रेलियाको मौसम एजेन्सीले दक्षिण प्रशान्त महासागर मा ७.७ म्याग्निच्युटको भूकम्प गएका कारण सुनामी आएको पुष्टि गरेको छ। ब्यूरो अफ मेट्रोलोजी अष्ट्रेलियाले सुनामीबाट लर्ड होवे द्वीप जोखिममा रहेको चेतावनी दिएको छ । अमेरिकी सुनामी चेतावनी केन्द्रले भानुआटु र फिजीमा सुनामीको लहर १ देखि ३.३ फुट माथिसम्म आउनसक्ने चेतावनी दिएको छ ।

# अमेरिकी माथिल्लो सिनेटमा ट्रमपमाथिको महाअभियोग प्रक्रिया सुरू

काठमाडौं । अमेरिकाको माथिल्लो सदन सिनेटमा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पमाथिको महाअभियोग प्रक्रिया सुरू भएको छ ।

जनवरी ६ मा संसद भवनमा भएको हिंसा भड्काउन सघाएको आरोपमा तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभबाट पारित भएर आएको महाअभियोग प्रस्ताव अघि बढाउनेबारे सिनेटमा छलफल भएको हो । छलफलको सुरूमा महाअभियोग लगाउनु पर्ने र नपर्ने पक्षमा रहेका दुबै तर्फको बहस भएको थियो ।

त्यसपछि भएको मतदानमा ५६ जना सिनेटरले ट्रम्पविरूद्धको महा अभियोग अघि बढाउनु पर्ने पक्षमा र ४४ जनाले विपक्षमा मतदान गरेका थिए। पक्ष र विपक्षको मतदान पार्टीगत रूपमा भएको छ । डेमोर्क्याटिक पार्टीका सबै ५० सिनेटरले पक्षमा मतदान गरेका छन् भने रिपब्लिकन पार्टीका ६ जनामात्रै ट्रम्पलाई महाअभियोग लगाउने पक्षमा उभिएका छन् । रिपब्लिकन पार्टीका सिनेटरले साथ नदिएकाले ट्रम्पविरूद्धको महा महाअभियोग लगाउने पक्षमा उभिनु पर्छ ।



अभियोग पारित हुने सम्भावना झिनो छ। सिनेटले महाअभियोग दुई तिहाइ बहुमतबाट पारित गर्नुपर्छ । दुई तिहाइ बहुमत पुग्न कम्तिमा १७ जना रिपब्लिकन सिनेटर अमेरिका को इतिहासमा दुई पटक महाअभियोग सामना गर्ने ट्रम्प पहिलो राष्ट्रपति हुन् ।
सिनेटबाट यो प्रस्ताव पारित भए उनी सन् २०२४ मा हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

# म्यानमारमा सैनिक कू गर्दै सुकीलाई नजरबन्दमा

काठमाण्डौ । म्यानमारमा सैनिक 'कू' भएको छ । त्यहााको सेनाले सत्ता हातमा लिदै एक वर्ष हिरासतमा लिदै सेनाले सत्ता कब्जा गरेको हो । सैनिक टेलिभिजनमा प्रसारित सन्देशमा भनिएको छ। म्यानमारको सत्ता अब सेनाका कमाण्डर इन चिफ वरिष्ठ जनरल मिन आङ हलिङ्गले हातमा लिएका छन् ।



संकटकाल लगाएको घोषणा गरेको छ ।

राष्ट्रपति विन मिन्ट, स्टेट काउन्सिलर आङ सान सुकी र सुकीको पार्टी नेशनल लिग फर डेमोक्रेसीका बरिष्ठ नेताहरुलाई केही दिनयता जारी सरकार र सेनाबीचको तनाव र सत्ता पलटको आशंकाबीच म्यानमारमा सैनिक कू भएको हो । सेनाले सोमबार तय भएको संसद बैठक पनि खारेज गरेको छ ।

बीबीसीका अनुसार म्यानमारको राजधानीसहितका मुख्य-मुख्य शहरमा सैनिकको तैनाथी बढाइएको छ । राजधानीमा टेलिफोन र इन्टरनेट सेवासमेत बन्द गरिएको छ ।

## अर्थ समाचार

# फेरि बढ्यो ग्यांस र पेट्रोलको मुल्य

काठमाडौं । सरकारले खाना पकाउने ग्यास र पट्रोलियम पदार्थको मूल्य बढाएको छ । माघ २८ गते बुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल तथा डिजेल र मट्टतिेलको खुद्रा बिक्री मूल्य प्रतिलिटर २ रुपैयाले वृद्धि गरिएको नेपाल आयल निगमले जनाएको छ ।

काठमाडौंमा पेट्रोलको मूल्य ११२ र डिजेल-मटितेलको ९५ रुपैयां पुगेको छ । एलपी ग्यासको मूल्य पनि अब बढेर प्रति सिलिन्डर १४ सय रुपैयां पुगेको छ । निगमले सिलिन्डरमा २५ रुपैयां मूल्य बढाएको हो । खाना पकाउने ग्यांसको भाउ एक वर्षपछि बढेको हो ।
हवाई इन्धनको मूल्य हाललाई यथावत नै राखिएको छ ।

निगमलाई अझै पेट्रोलमा प्रति लिटर ५.१६ रुपैयां, डिजेलमा प्रतिलिटर ३.०१ रुपैया. र एलपी ग्यासमा प्रति सिलिन्डर २९५.८३ रुपैयां घाटा रहेको निगमले जनाएको छ । यसअनुसार १५ दिनमा निगमको घाटा ७३.८७ करोड रहने निगमले जनाएको छ ।
स्थिरिकरण कोष तथा निगमको संचित नाफाबाट व्यवस्थापन गरी पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज गरिने नेपाल आयल निगमले बताएको छ ।

# सामाजिक सुरक्षा कोषका सेवा मोबाइलबाटै

काठमाण्डौ । सामाजिक सुरक्षा कोषमा सूचीकृत भएर नियमित योगदान गरि रहेका योगदानकर्ताले नागरिक एपमार्फत कोषले प्रदान गर्ने सम्पूर्ण सेवा मोबाइलबाटै लिनसक्ने भएका छन्। सरकारले प्रवाह गर्ने सेवालाई 'डिजिटलाइज' गरी एकीकृत 'प्लेटफर्म'मार्फत सेवा प्रवाह गर्ने लक्ष्यअनुसार नै कोषले प्रदान गर्ने सेवा मोबाइलबाट हातहातमै प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको कोषले जनाएको छ ।

कोषका प्रवक्ता विवेक पन्थीले योगदानकर्ताले एपमार्फत आफ्नो नाममा जम्मा भएको योगदान रकमलगायत विस्तृत विवरण हेर्न सक्ने बताए । योगदानकर्ताले कुन महिनामा कति योगदान रकम जम्मा भयो, भएन, कति प्रतिशत जम्मा भयो भन्ने सम्पूर्ण विवरण सहजै मोबाइलबाटै हेर्न सक्नुहुनेछ, उनले भने ँकोषले प्रवाह गर्ने सेवा पनि सोही एपमार्फत लिन सकिनेछ ।

कोषले योगदानकर्तालाई विभिन्न किसिमका सुविधा उपलब्ध गराउँदै आएको छ । अब छिट्टै कोषले प्रदान गर्ने सेवाका लागि एपबाटै आवेदन दिन सक्ने व्यवस्था मिलाइने बताइएको छ । कोषले उपलब्ध गराएको सामाजिक सुरक्षा नम्बर राखेर एपमार्फत योगदानकर्ताले आफ्नो सम्पूर्ण विवरण हेर्न सक्नेछन् । ँसामाजिक सुरक्षा कोषको अनलाइन प्रणालीबाट योगदानकर्ताले हेर्न सक्ने सम्पूर्ण विवरण अब एपमार्फत आ-आफ्नो मोबाइलमा हेर्न सकिने छ, प्रवक्ता पन्थीले भने ।

योगदानकर्ताले कोषबाट कर्जा लिएको भए त्यसको विवरण, अन्य सेवा सुविधा लिएको भए पनि त्यसको सम्पूर्ण विवरण मोबाइलमै हेर्न सकिने छ । पहिलो चरणमा औपचारिक क्षेत्रमा सामाजिक सुरक्षा योजना लागू भएको र छिट्टै अनौपचारिक र स्वरोजगार श्रमिकलाई पनि योजनामा समेट्ने सन्दर्भमा भ्न यो एपको महत्व बढ्ने उनी बताउाछन् । अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि कोषको दायरामा ल्याउने अवस्थामा योगदान रकम सङ्कलन गर्न मोबाइल एपले सहज गर्नेछ, उनले भने- ँएपबाटै निवेदन दिएर आफूलाई चाहिने सेवा सुविधा र विभिन्न शीर्षकको कर्जा आवेदन गर्न सकिनेछ । हाल औपचारिक क्षेत्रका श्रमिकको योगदान रकम रोजगारदाताले नै कोषमा जम्मा गर्दै आएका छन् ।

कोषले प्रवाह गर्ने सेवालाई सहज र प्रविधिमन्त्री बनाउने उद्देश्यअनुरुप नागरिक एपमार्फत सर्वसुलभ ढङ्गले मोबाइलबाटै प्राप्त गर्न सकिने उनले बताए। एपको प्रयोगबाट समयको बचत हुनाका साथै सार्वजनिक बिदाका दिन पनि सेवा प्राप्त गर्न सकिने कोषले जनाएको छ । कोषमा जम्मा भएको योगदान रकम तथा अन्य सम्पूर्ण विवरणको जानकारी सहजै लिन कोषले सम्पूर्ण योगदानकर्तालाई नागरिक एप डाउनलोड गरी सेवा प्राप्त गर्न अनुरोधसमेत गरेको छ ।

'लाइन होइन, अनलाइनबाटै २४ सै घन्टा सरल, सहज र प्रभावकारी सेवाका लागि नागरिक एप' भन्ने नाराका साथ सरकारले आम नागरिकलाई सहजरुपमा सरकारी सेवा उपलब्ध गराउन एप सार्वजनिक गरिसकेको छ । नागरिक एपबाट सेवा प्राप्त गर्नका लागि एन्ड्रोइड मोबाइल प्रयोगकर्ताले 'प्लेस्टोर' र आइफोन प्रयोगकर्ताले 'एपस्टोर'बाट उक्त एप डाउनलोड गर्नुपर्नेछ । हाल आ□नै नाममा दर्ता भएको नेपाल टेलिकम र एनसेलको सीममार्फत एपको प्रयोग गर्न सकिने छ ।

**एक लाख ८८ हजार कोषमा सूचीकृत**

गत बिहीबारसम्म कोषमा एक लाख ८८ हजार ४५० योगदानकर्ता सूचीकृत भएको छन् । बागमती प्रदेशबाट एक लाख ४१ हजार १०१, प्रदेश १ बाट १९ हजार ४४४, प्रदेश २ बाट १३ हजार ६९५, गण्डकीबाट सात हजार ७६, लुम्बिनीबाट पांच हजार ९६८, सुदूरपश्चिमबाट ६८८ र कर्णाली प्रदेशबाट ४६० योगदानकर्ता कोषमा आबद्ध भएका छन् । कोषमा हालसम्म रु चार अर्ब पांच करोड ६६ लाख योगदानरकम सङ्कलन भएको छ। तीन करोड ४९ लाख दाबी भुक्तानी भएको कोषले जनाएको छ ।

# रामकुमारी झाक्रीलाई पक्रन प्रहरीलाई व्यापक दबाब

काठमाडौं । नेकपा प्रचण्ड-माधव समूहकी केन्द्रीय सदस्य राम कुमारी झांक्रीलाई पक्रन प्रहरीलाई दबाव परेको छ। प्रधानमन्त्री निवास बालुवाटारले सो दबाव दिएको बताइएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीका निकटस्थहरुको दबावमा गृह-सचिव महेश्वर न्यौपानेले नेकपा नेतृ झााक्रीलाई पक्राउ गर्न प्रहरीलाई दबाव दिएका छन् ।



आक्रामक अभिव्यक्तिका कारण चर्चामा रहेकी झांक्रीमाथि राष्ट्रपति विद्यादेवी भण्डारीको मानमर्दन हुनेगरी बोलेको आरोप छ । गोरखामा आयोजित विरोध कार्यक्रममा झांक्रीले राष्ट्रपतिलाई बडामहारानी भनेकी थिइन्। राष्ट्रपतिको आलोचना गर्दै उनले भनेकी छिन्–'राष्ट्रपतिका कुरा त के गर्नु, म बडामहारानीलाई गोरखाबाटै सन्देश दिन चाहन्छु निर्वाचनको तयारीका लागि सुविधा छाडेर आउनुस् ।

'शीतलनिवास छाडेर पहिला कोटेश्वर आउनुस्, चावहिल कि कता बानेश्वरतिर बसाइ छ भन्ने सुन्या छु,' झांक्रीले भनेकी थिइन्– 'होइन भने बालकोटमै गएपनि हुन्छ। उनको सो बोलीबारे राष्ट्रपति भण्डारी असन्तुष्ट छिन् । भण्डारीको असन्तुष्टि मेटाउन झांक्रीलाई पक्राउ गर्न राज्यका संयन्त्र परिचालन गरिएको हो । उनलाई पक्राउ गर्ने तयारी भइरहेको गृह मन्त्रालयका एक उच्च स्रोतले बताएको छ । ती झांक्रीलाई पक्राउ गर्न गृहसचिव ज्यूले प्रहरी प्रधान कार्यालयलाई लगातार दबाब दिनुभएको बुझिएको छ ।

# अहिले चुनावको संभावना छ ? प्रधानन्यायाधीश

काठमाण्डौ । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाले प्रतिनिधि सभा विघटनविरुद्धको रिटको सुनुवाइका क्रममा उनले इजलासमा चुनावको वातावरण भए-नभएकोबारे प्रश्न गरेका छन् ।

सरकारको तर्फबाट बहस गरेका अधिवक्ता श्यामकुमार भट्टराईले राजनीतिक शक्तिको असफलता भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले जनतामा जाने निर्णय गरेको बताए। उनले मुद्दाको फैसला कसैले अनुमान गरेको भन्दा फरक हुनुपर्ने बताउदै प्रधानमन्त्रीको निर्णयअनुसार चुनाव हुनुपर्ने बताए । अदालतबाट विघटन विरुद्धको मुद्दामा बौद्धिक रुपमा आदर गर्न सकिने, सैद्धान्तिक रुपमा स्वीकार गर्न सकिने र व्यवहारिक खालको फैसला हुनुपर्ने उनको भनाइ थियो ।

उनले प्रतिनिधिसभा विघटन राजनीतिक प्रश्न भएको जिकिर गर्दै सबै कुरा जनताले फैसला गर्ने भनेपछि प्रधानन्यायाधीश राणाले चुनावको वातावरण भए नभएको बारे प्रश्न गरेका थिए । राणाले प्रतिनिधिसभा विघटनविरुद्ध सडक प्रदर्शन भइरहेको प्रति संकेत गर्दै अहिले 'चुनावको सम्भावना छ ?' भन्ने प्रश्न गरेका हुन् । राणाले प्रश्न गरे, फ्लोरमा वातावरण हुनुपर्यो नि होइन ? अहिले जुन वातावरण छ, त्यो (चुनाव) सम्भवना छ ?' जबाफमा भट्टराईले जनताले फैसला गर्ने हो कि श्रीमान भन्दै चुनावको पक्षमा माहोल रहेको तर्क गरेका थिए ।



## स्वास्थ्य समाचार

### कोरोना संक्रमितको उपचार सरकारी अस्पतालबाटै

काठमाडौं। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइस कोभिड -१९) बाट सङ्क्रमितहरूको उपचार सरकारी अस्पतालमा मात्र निःशुल्क हुने जनाएको छ।

निजी क्षेत्रको अस्पतालमा समेत कोरोना परीक्षणको शुल्क घटेको छ । सङ्क्रमितहरूको संख्या दिनहुं घट्न थालेपछि मन्त्रालयले कोरोनाको उपचार शुल्क अस्पतालमा मात्र निःशुल्क हुने स्पस्ट पारेको हो । अबदेखि निजी क्षेत्रका अस्पताल हरूको बिल सरकारले भुक्तानी दिदैन ।' मन्त्रालयका प्रवक्ता प्रा.डा. जागेश्वर गौतमले सङ्क्रमितको संख्या घटेकाले सरकारी अस्पतालमा मात्र उपचार गर्दा निःशुल्क हुने जानकारी दिए । गौतमका अनुसार मन्त्रालयले कारोना परीक्षणको शुल्क पनि दुई हजारबाट घटाएर एक हजार मात्र पुऱ्याएको छ । अबदेखि कोरोना परीक्षणको शुल्क सर कारी तथा निजी प्रयोगशालामा एक हजार तिर्दा हुन्छ ।

# कोरोना बिरुद्धको खोप पत्रकारलाई

काठमाण्डौ । माघ १४ गतेबाट सुरु भएको कोरोना भाइरस कोभिड १९ विरुद्धको दोस्रो चरणको खोप अभियान अन्तर्गत पत्रकार, यूएन एजेन्सी, दूतावास तथा कूटनीतिक नियोगका कर्मचारीलाई खोप लगाउन सुरु गरेको छ।

काठमाडौंमा निजामति कर्मचारी अस्पतालमा पत्रकारहरुलाई खोप लगाउने व्यवस्था मिलाइएको छ।

पत्रकारहरुलाई सरकारले खोप उपलब्ध गराउनु सकारात्मक भन्दै यसलाई विरोधको रुपमा नलिई सबै पत्रकारले खोप लगाउनुपर्ने खोप लगाउन अस्पताल पुगेका पत्रकारहरुको बताएका छन् ।

# टाउको किन दुख्छ एक चर्चा

काठमाण्डौ । समय समयमा विभिन्न समस्याका कारण टाउको दुख्नुलाई सामान्य नै मानिन्छ । तर, कहिलेकांही अचानक अत्यधिक टाउको दुख्नुले विभिन्न रोगको संकेत गर्छ। जस्तै, कहिलेकाहि प्यारालाइसिस, मस्तिष्क ट्युमर, मस्तिष्कमा रगत जम्ने जस्ता कारण पनि टाउको अत्यधिक दुख्छ ।

तर, कुन रोगका कारण टाउको दुखेको हो भनेर पत्ता कसरी लगाउने भन्ने समस्या पर्न सक्छ । मानसिक तनावका कारण टाउको दुख्ने समस्यालाई माइग्रेन भनिन्छ । यो टाउको दुखाई केही समयमा औषधि, उपचार र खानपानका कारण निको हुन सक्छ। तर, कहिले कांही ज्यानै लिने गरी टाउको दुख्छ त्यो टाउको दुखाईमा कस्ता लक्षणहरु देखिन्छ त

**१. अचानक र असहनीय दुखाई**

अचानक र असहनीय दुखाई हुनुलाई त्जगलमभचअबिउ भनिन्छ । यो टाउको दुखाई ६० सेकेन्डभित्र गम्भीर हुनसक्छ। भने, एक घण्टामा कम हुन्छ । तर खतरा भने बााकी नै रहन्छ । यस्तो दुखाई कहिलेकााही मस्तिष्कमा रगत प्रवाह हुने कारण हुनसक्छ । जुन मस्तिष्का चोट लागेमा वा प्यारालाइसिस भएको समयमा हुनसक्छ । यस्तो समयमा बिरामीलाई बान्ता हुने र मनोवैज्ञानिक रुपमा उलझन पैदा हुने गर्छ ।

**२. चोट लागेपछि टाउको दुख्नु**

टाउमा चोट लागेपछि टाउको दुख्न सुरु हुनुलाई ब्रेन हृयामरेजको संकेतको रुपमा लिइन्छ । कहिलेकाही टाउकोमा चोट लागेको लामो समयपछि पनि टाउकोमा दुखाई सुरु हुन सक्छ। चोटका कारण मस्तिष्कमा गम्भीरता बढ्छ। कहिलेकााही हल्का लड्दा वा चोट लाग्दा पनि मस्तिष्कमा रगत बग्न थाल्छ र यस्तो अवस्थामा रिंगटा लाग्ने, बेहोस हुने, उज्यालोमा हेर्न समस्या हुने र मनोवैज्ञानिक स्थितीमा बदलाव आउने हुनसक्छ ।

**३.मस्तिष्कको सुरक्षात्मक झिल्लीमा संक्रमण**

मस्तिष्कको सुरक्षात्मक झिल्लीमा हुने एलर्जीका कारण टाउको दुख्न सक्छ । तर कहिलेकांही मस्तिष्कको रिडको हड्डी ढाक्ने झिल्लीमा हुने संक्रमणका कारण पनि टाउको दुख्छ। यस्तो भाइरल वा ब्याक्टेरियाको इनफेक्शनको कारण पनि हुन सक्छ ।

**४. टाउकोको एकापट्टी मात्रै दुख्नु**

अचानक टाउकोको एक तर्फ मात्रै दुख्नु पनि गम्भीर हुन सक्छ। एकातर्फ मात्रै टाउको दुख्ने र उक्त दुखाई काध हुदै हातसम्म महसुस हुनु खतर नाक टाउको दुखाईको संकेत हुनसक्छ । यस्तो दुखाईले मस्तिष्कको नशामा गम्भीर समस्या पैदा गर्छ सक्छ। यस्तो अवस्थामा मस्तिष्कको नशामा रगत जम्न सक्छ र यस्तो दुखाईले मस्तिष्कको नशामा गम्भीर समस्या पैदा गर्छ सक्छ । यस्तो अवस्थामा मस्तिष्कको नशामा रगत जम्न सक्छ र प्यारालाइसिस हुनसक्छ ।

# वरिष्ठ नेता खनाल स्वास्थ्य उपचारका लागि दिल्ली प्रस्थान

काठमाडौं । प्रचण्ड-नेपाल नेकपा सचिवालय सदस्य एवं वरिष्ट नेता झलनाथ खनाल दिल्ली प्रस्तान गरेको छन् । स्वास्थ्य उपचारका लागि खनाल हिजो नेपाल वायुसेवाको नियमित उडानबाट दिल्ली जान लागेका हुन् ।

४ दिन दिल्लीमा रहने नेता खनालले आफ्नो कुनै पनि राजनीतिक भेटघाटको सम्भावना नरहेको बताए ।

दिल्लीको अपोलो अस्पतालमा स्वास्थ्य उपचारका लागि दिल्ली जान लाग्नु भएको हो, राज नीतिक भेटघाट हुने कुरै हुन्न । वरिष्ठ नेता खनाल फागुन ३ गते काठमाडौं फर्कने कार्यक्रम रहेको छ ।



# प्रतिनिभिसभा अदालतले बदर गरेमा स्वत: सुरु हुनेछ - नेकपा संसदीय दलका प्रमुख सचेतक, देवप्रसाद गुरुङ

बुटवल । नेकपा प्रचण्ड-माधव समूहका स्थायी समिति सदस्य देव गुरुङले विघटित प्रतिनिधि सभालाई सञ्चालन गर्न सकिने बताएका छन् ।

२०५९ सालमा राजा ज्ञानेन्द्रले विघटन गरेको संसद आन्दोलन को बल र राजनीतिक सहमतिमा २०६३ मा सञ्चालन भएजस्तै अहिले पनि सुचारु गर्न सकिने बताए । बुटवलमा पत्रकारहरुसंग बोल्दै गुरुङले सर्वोच्च अदालतले विघटन लाई बदर गरेमा स्वत: सुचारु हुने र नभए आन्दोलनको बलमा पुनस्थापना हुने बताए ।

सर्वोच्चबाट विघटन बदर नभए अहिलेको आन्दोलन जनविद्रोहमा परिणत हुनसक्ने गुरुङले औंल्याए । 'प्रधानमन्त्री र राष्ट्रपतिले निर्णय गर्दैमा प्रतिनिधि सभा विघटन हुन सक्दैन' गुरुङले भने, 'यो कदमको विरोधमा सबैजसो दल, नागरिक, समाज र मिडिया उभिएका छन् । त्यसैले सर्वोच्चले संविधान अनुसार पुनर्स्थापना गर्छ भन्ने विश्वास छ, नभए आन्दोलनले गर्छ ।



प्रधानमन्त्रीले घोषणा गरेको चुनाव संविधान विपरीत भएकाले चुनाव नहुने उनले ठोकुवा समेत गरे ।

# राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित राष्ट्रप्रमुखमा जानुपर्छ - शेरबहादुर तामाङ

काठमाण्डौ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य तथा पूर्व मन्त्रीशेरबहादुर तामाङले संसदीय व्यवस्था अफापसिद्ध भइसकेकाले देशलाई नयां भंग गरेकाले अब राजनीतिक स्थायित्वका लागि पनि प्रत्यक्ष निर्वाचित राष्ट्रप्रमुखमा जानुपर्नेमा जोड दिए । राष्ट्रपतिले नै सरकार चलाउने र मन्त्री पनि बनाउने व्यवस्था गर्नुपर्ने बताए । तर, राष्ट्रपतिलाई निरंकुश हुन नदिने प्रावधान पनि राख्नुपर्ने बताए । प्रतिनिधि सभा सदस्यबाट कोही पनि मन्त्री बन्न नपाउने व्यवस्था गर्न सके निर्वाचन पनि स्वच्छ हुने तर्क गरे ।



पूर्वमन्त्री समेत रहेका तामाङले राजनीतिक व्यवस्थामा आमूल परिवर्तनको खााचो औंल्याए । उनले निर्वाचन एउटै खर्चमा हुनेगरी जानुपर्ने बताए । तामाङले भने, 'संसदमा १६५ मात्र हुने र प्रत्यक्ष राष्ट्रपतिको निर्वाचन पनि हुनेगरी एउटै खर्चबाट जानुपर्छ । एउटा चुनावमा खर्बको खर्च हुने भएकाले भ्रष्टाचार बढ्नसक्ने बताए । देशलाई चुनावी खर्चले ठूलो समस्या बनाउने गरेको बताए । देशले नयां अनुहारहरु खोजिरहेको उनको भनाई थियो । केन्द्र सरकारका कारण प्रदेश सरकार मा पनि अन्यौलमा परेको बताए । प्रदेश सरकार पनि प्रत्यक्ष निर्वाचित हुनुपर्ने

राजनीतिक प्रणालीमा लानुपर्ने बताएका छन् । रिपोर्टर्स क्लब नेपालको साक्षात्कारमा उनले प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहने व्यवस्थामा जान प्रस्ताव गरे । तामाङले भने, 'यो व्यवस्थाले स्थिरता रहेन अब नयां व्यवस्थाबाट देश चलाउनुपर्छ, प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमा जाऔं । पटक पटक प्रधानमन्त्रीले संसद प्रस्ताव गरे । मुलुकमा ५५० प्रदेशसभा सदस्य नचाहिने भन्दै घटाउनुपर्नेमा जोड दिए । नगरपालिका र गाउपालिकाहरुलाई पनि ३ सयमा झार्नुपर्ने बताए । स्थानीय निकायलाई अझ बढी अधिकार दिनुपर्नेमा जोड दिए ।

नेकपाभित्र दुवै पक्षले जति संख्या देखाएपनि त्यो आधा नै भएको बताए । उनले भने, 'अब अदालत र निर्वाचन आयोगले के फैसला देला, कस्ले कति मान्छे देखाउला भन्नेमा नजाऔं । अब देशलाई निकास दिन नयां कोर्समा जाऔं । चुनाव हुँदैमा कसैको बहुमत आउंछ भन्ने सुनिश्चितता नभएकाले अस्थिरता फेरि आउनसक्ने बताए ।

## कृषि समाचार

# राष्ट्रिय खाद्य बैंक संचालनमा

काठमाण्डौ । कृषि उत्पादन तथा वितरणको व्यवसाय गर्ने उद्देश्यले राष्ट्रिय खाद्य बैंक स्थापना भएको छ । कृषि उपजको उत्पादन तथा व्यापार गर्ने कम्पनीका रुपमा खाद्य बैंक स्थापना भएको हो । धान,गहुं,मकै,तरकारी, फलफूलको उत्पादन तथा व्यापार गर्नका लागि कम्पनी स्थापना गरिकको कार्यकारी अध्यक्ष शंकरनाथ उप्रेतीले जानकारी दिए ।

काठमाडौंमा केन्द्रीय कार्यालय भएको यो कम्पनीले किसानहरुलाई जोडेर उत्पादनमा सघाउने तथा उरुत्पादित अनाजको बिक्री वितरण गर्ने उप्रेतीको भनाइ छ ।

देशभर रहेका किसानहरुलाई खाद्यन्नन उत्पादनका लागि आवश्यक स्रोत साधनको व्यवस्था कम्पनीले गरिदिने र उनीहरुको उत्पादनलाई सरकारले तोकेको मूल्य दिएर खरिद गर्ने उनले जानकारी दिए ।



स्थानीयस्तरमा रहेका किसानहरुलाई समूह वा ब्लक बनाएर पहिला संगठित गर्ने र त्यसपछि उनीहरुलाई उत्पादनमा सघाउने उनको भनाइ छ । यसको सुरुवात धानबाट गरिने छ। उप्रेतीका अनुसार झापा,मोरङ र सुनसरीका किसानहरुलाई आउने सिजनदेखि धान उत्पादनका लागि सघाउने र पछि धान खरिद गरी प्याकेजिङ गरेर चामल बजारमा पठाइने छ ।

उत्पादन तथा भण्डारणका लागि आवश्यक उपकरण पनि कम्पनी आफैले व्यवस्था गर्दै जाने तर सुरुवातमा सम्भव नहुने उनको भनाइ छ । कम्पनीले खाद्य तथा कृषि वैज्ञानिकको समूह बनाएको र त्यही समूहले उत्पादन बढाउनका लागि अध्ययन अनुसन्धान गर्ने उनको दाबी छ । पब्लिक कम्पनी मोडलमा सञ्चालन हुने यसमा हाल दुई सय सेयर होल्डर रहेको उप्रेतीले जानकारी दिए ।





टोखा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
ग्रिनल्याड, टोखा, काठमाण्डौ ।
फोन : ०१-४३८५०१३,४३८८४०५, ईमेल : hellotokha@gmail.com

# महिला हिंसा र विभेदविरूद्ध मलामी सहितको मार्चपास

काठमाण्डौ । महिलामाथिका हिंसा र विभेदविरूद्धका घटनाको विरोध गर्दै सिंहदरबार महिला मार्च भएको छ । बृहत नागरिक आन्दोलनको अगुवाईमा महिला मार्च भएको हो । बसन्तपुरबाट सुरू भएको मार्चमा सुरु भएको छ ।

कालो कपडा लगाएर महिलाहरु मार्चमा सहभागि भएका छन् । मार्चमा प्रतिकात्मक शव र मलामीसहित वसन्तपुरदेखि सिंहदरबार मूलगेटसम्म मार्चपास गरिएको थियो ।

# चार राजीतिक दलद्धारा १५ सदस्यीय रणनीतिक मोर्चा

काठमाण्डौ । प्रतिवन्धित विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसहित चार राजनीतिक दलले १५ सदस्यीय रणनीतिक संयुक्त मोर्चा घोषणा गरेका छन् । मोर्चाले सरकारविरुद्ध माघ २९ देखि फागुन १८ गतेसम्मका संघर्षका कार्यक्रम पनि सार्वजनिक गरेको छ ।

फागुन ६ गते बुटवल, १४ गते धनगढी र १८ गते इटहरीमा जनसभा गर्ने मोर्चाले जनाएको छ । मोर्चामा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), ऋषिराम कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र विश्वभक्त दुलाल (आहुति) नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी रहेका छन् । कार्यक्रमामा मोर्चाको अवधारणा पनि सार्वजनिक गरिएको छ ।
रणनैतिक संयुक्त मोर्चाको केन्द्रीय समितिमा सीपी गजुरेल, राम सिंह श्रीस, पवनमान श्रेष्ठ, सन्तोष बुढा, नवीनकुमार विश्वकर्मा, अज मोहम्मद, ऋषिराम कट्टेल, रामदुलार महतो, राजेश वान्तवा, जागृत र ायमाझी, धनकुमारी सुनार र नविन रिजाल छन् । पछि तीन जना थपिने नेताहरुले बताएका छन् ।
मोर्चाको पहिलो बैठकले अध्यक्ष र सचिव चयन गर्नेछ । साथै प्रदेश, जिल्ला र आवश्यकताअनुसार स्थानीय तहहरुमा समेत समिति गठन गरिने छ ।

# सरकारद्धारा बैशाख १७ र २७ गते निर्वाचन गर्ने निर्णय

काठमाडौं । मन्त्रीपरिषद्को बैठकले आगामी वैशाख १७ गते ४० जिल्लामा र २७ गते ३७ जिल्लामा निर्वाचन गर्ने निर्णय गरेको छ ।

प्रतिनिधिसभा विघटन गर्दै सरकार ले यसअघि नै वैशाख १७ र २७ गते दुई चरणमा मध्यावधि निर्वाचन गर्ने निर्णय गरेको थियो ।

मन्त्रिपरिषद बैठकले बैशाख १७ गते प्रदेश २, गण्डकी, लुम्बिनी र सुदूर पश्चिम प्रदेशका ४० जिल्लामा पहिलो चरणमा निर्वाचन गर्ने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए ।

ती मन्त्रीका अनुसार वैशाख २७ गते दोस्रो चरणमा कर्णाली, बागमती र प्रदेश १ का ३७ जिल्लामा निर्वाचन गर्ने निर्णय पनि मन्त्रिपरिषद बैठकले गरेको छ ।
आफूलाई पार्टीभित्रैबाट काम गर्न नदिइएको भन्दै प्रधानमन्त्री ओलीले गत पुस ५ गते प्रतिनिधिसभा विघटन गर्दै ताजा जनादेशका लागि वैशाख १७ र २७ गते निर्वाचन गर्न सिफारिस गरेका थिए । सो सिफारिसलाई राष्ट्पति विद्यादेवी भण्डारीले उसैदिन सदर गरिदिएकी थिइन् ।

त्यसविरुद्ध परेका एक दर्जन बढी रिटमाथि सर्वोच्च अदालतमा बहस हुँदै आएको छ । संसद विघटनको निर्णयलगत्तै दुई खेममा विभाजित नेकपाको आधिकारिकताको विवाद पनि निर्वाचन आयोगले टुंगो लगाउन सकेको छैन ।

# सडक पूर्वाधार विकास रोल्पाका निमित्त प्रमुख सहित चार जना अख्तियारको फन्दामा

काठमाण्डौ । सडक पूर्वाधार विकास कार्यालय रोल्पाका निमित्त कार्यालय प्रमुख नवीन श्रेष्ठसहित चार जनालाई अख्तियार कार्यालय बुटवलले नियन्त्रणमा लिएको छ ।

उनीहरूलाई स्रोत नखुलेको र कमसहित रुपन्देहीको सैनामैना नगरपालिका-१० स्थित कोठी बनबाट बिहीबार दिउसो नियन्त्रणमा लिएको अख्तियारले जनाएको छ । स्रोत नखुलेको र कमसहित नियन्त्रणमा लिएकाहरूमा कार्यालय प्रमुख श्रेष्ठ, ईन्जिनियर निर्मल पन्त, सब ईन्जिनियर प्रेम कुमार बराल र सवारी चालक मानसिंह पुन मगर रहेका छन् ।

रोल्पाबाट बुटवलतर्फ आउदै गर्दा पूर्व-पश्चिम राजमार्गको कोठी वनबाट नियन्त्रणमा लिइएको र उनीहरूको साथबाट स्रोत नखुलेको १ लाख ९० हजार नगद रकम बरामद गरिएको अख्तियार कार्यालय बुटवलका प्रवक्ता सुरेश भुसालले बताए ।

## जुवाईद्धारा सासूको हत्या

मोरङ । घरायसी विवादमा सासूको हत्या गरेको आरोपमा ज्वाइ पक्राउ परेका छन् ।

मोरङको जहदा गाउंपालिका-१ की ५५ वर्षीया जोखनीदेवी सवरी यालाई धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा गौरीजञ्ज नगरपालिका-१ का २७ वर्षीय प्रेमलाल मण्डल पक्राउ परेका हुन् ।

मण्डलले बिहान सवा ७ बजेको समयमा सामान्य घरायसी वादविवादको विषयमा खुर्पाले सासूको टाउकोमा प्रहार गरेका थिए ।

गम्भीर घाइते भएकी सवरीयाको उपचारको क्रममा कोसी अस्पताल विराटनगरमा बिहीबार दिउंसो २ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

हत्या आरोपमा पक्राउ परेका मण्डललाई हिरासतमा लिई कर्तव्य ज्यानमुद्दामा अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

## १३ वर्षीया बालिकाको बलात्कारी पक्राउ

गुल्मी । गुल्मीमा १३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा गुल्मीमा एक जना पक्राउ परेका छन् ।

गुल्मीको मालिका गाउंपालिका वडा नं. ४ अर्खवाङका २९ वर्षीय जगत बहादुर रानालाई प्रहरीले बलात्कार आरोपमा पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी पुरूषोत्तम प्रसाद पाण्डेका अनुसार रानामाथि मदाने गाउंपालिका ४ म्यालपोखरीकी १३ वर्षीय बालिकालाई बलात्कार गरेको आरोप छ ।

गत माघ २६ गते बालिका बलात्कृत भए पनि पीडित पक्षले बिहीबार मात्रै जिल्ला प्रहरी कार्यालय तम्घासमा उजुरी दर्ता गराएका छन् ।

पीडित पक्षको उजुरीको आधारमा प्रहरीले आरोपित रानालाई पक्राउ गरिएको छ ।
म्यालपोखरीकै विद्यालय निर्माणमा मजदूरको रुपमा काम गरिरहेका रानालाई सोही स्थानबाटै पक्राउ गरिएको र घटनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**शिक्षा समाचार**

# डी ग्रेड सम्म हासिल नगरेकालाई मूल प्रमाणपत्र नदिन सिफारिस

काठमाडौं । विद्यालयमा अध्ययनरत विद्यार्थीमा अक्षराङ्कन पद्धतिले सिकाइ र पढाइको गुणस्तर खस्किन थालेको भन्दै विषयगत रूपमा न्यूनतम ३५ प्रतिशत (डी ग्रेड अर्थात् जीपीए १.६) हासिल नगरेकालाई मूल प्रमाणपत्र उपलब्ध नगराउन सिफारिस गरिएको छ ।

हाल कक्षा ८ देखि १२ सम्मका परीक्षामा सहभागी भएका सबैले'कम्प्लिटेड' भनेर मूल प्रमाणपत्र पाउने गरेका छन् । हालको अभ्यासमा परीक्षामा विषयगत रूपमा ३० देखि ४० प्रतिशतसम्म प्राप्त भएमा त्यसलाई डी प्लस र २० देखि ३० प्रतिशतसम्म प्राप्त गरेमा त्यसलाई डी ग्रेडमा मूल्याङ्कन गर्ने गरिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गठन गरेको नेपालको विद्यालय शिक्षा पद्धतिमा अक्षराङ्कन पद्धतिसम्बन्धी अध्ययन कार्यदलले ३५ देखि ४० प्रतिशतसम्म अङ्क प्राप्त गर्नेलाई डी र ३५ प्रतिशतभन्दा कम प्राप्त गर्नेको ग्रेड वा जीपीए मूल्याङ्कन नगरी प्रमाणपत्रमा 'नन ग्रेडेड' उल्लेख गर्न सिफारिस गरेको छ । 'नन ग्रेडेड' प्राप्त गर्नेलाई मूल प्रमाणपत्र उपलब्ध नगराई ग्रेडसिट मात्र उपलब्ध गराइने छ ।

कार्यदलले तयार गरेको प्रतिवेदनलाई शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले स्वीकृत गर्दै कार्यान्वयनका लागि शिक्षा मन्त्रालयसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

# हिन्दु बिश्वबिद्यालय स्थापना गरिने

काठमाण्डौ । पशुपति क्षेत्र विकास कोषले हिन्दु विश्वविद्यालय स्थापना गर्ने भएको छ । पूर्वीय दर्शन, धर्म, अध्यात्म र संस्कृत भाषालाई जगेर्ना गर्ने उद्देश्यले एकेडेमिक रूपमै विश्वविद्यालयको अवधारणा ल्याइएको हो । पशुपति क्षेत्र विकास कोषको गुरुयोजना बनिरहेको छ । गुरुयोजनामा हिन्दु विश्वविद्यालय सञ्चालन रहेको छ ।
कागेश्वरी मनहरा नगरपालिकाको गोठाटारमा पशुपति क्षेत्र विकास कोषको ५३४ रोपनी जमिन छ । त्यसैमा विश्वविद्यालय, अस्पताल, गौशाला, वृद्धाश्रम र पशुपति बाटिका उद्यान बनाउने योजना रहेको सदस्य सचिव प्रदीप ढकालले बताए । वृद्धाश्रम भने निर्माण सुरू नै भइसकेको छ । त्यो समाज कल्याण मन्त्रालय अन्तर्गत रहेको छ ।

# दरबार हाईस्कुलमा पठनपाठन सुरु

काठमाडौं । ऐतिहासिक दरबार हाइस्कुल मा आइतबारदेखि विद्यार्थीको पुर्ण स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई विदर्याथीको पठनपाठन सुरु भएको छ । भूकम्प गएको पाच वर्षपछि आइतबारदेखि यस विद्यालयमा शिक्षक र विद्यार्थीको भौतिक सहभागितामा नै पठनपाठन सुरु गरिएको हो । नयां भवन विद्यालयलाई हस्तान्तरण भइसक्दा पनि कारोना महामारीका कारण शिक्षक र विद्यार्थीको भौतिक उपस्थितिमा पढाइ हुन सकेको थिएन । एक हप्ताअघि नै काठमाडौं महानगरपालिकाले महानगर भित्रका सबै विद्यालय खोल्नका लागि अनुमति दिए पनि व्यवस्थापनका केही काम बांकी हुनाले विद्यालय सञ्चालन गरिएको हो ।
जुन विद्यालयमा अहिले ३१२ जना विद्यार्थी पठनपाठन गर्ने गरेका छन् । यस विद्यालयमा अघिल्लो शैक्षिक सत्रमा ८० जना मात्र विद्यार्थी थिए । भूकम्पका कारण पूर्णरुपमा क्षती भएपछि आधुनिक निर्माण सामग्री प्रयोग गरी निर्माण भए पनि यसको स्वरुप पहिलको जस्तै देखिन्छ । नौ रोपनी जमीनमा निर्माण गरिएको सो विद्यालय भवन चार तले छ र यसमा ६० वटा कक्षा कोठा रहेका छन् ।
नेपाल सरकारले उपत्यकाका महत्वपूर्ण प्राकृतिक र सास्कृतिक सम्पदाको पुनःनिर्माण गर्ने क्रममा पुरानै स्वरूपमा पुनःनिर्माण गरिएको यस ऐतिहासिक स्कुलको हाताभित्र हाल भानु माध्यमिक विद्यालय र संस्कृत माध्यमिक विद्यालय सञ्चालित छन् । राजा महाराजाका छोराछोरीले मात्रै पढ्न पाउने गरी स्थापना गरिएको थियो । विसं १९५७ मा देवशम्शेर प्रधानमन्त्री भएपछि दरबार स्कुलमा सर्वसाधारण जनताले पढ्न पाउने व्यवस्था भएको हो ।

**स्वास्थ्य नै ठूलो धन हो । कोभिड-१९ को संक्रमणबाटआफू बचौं, अरूलाई पनि बचाऔं ।**
**नियमित साबुन पानीले हात धौं, सेनिटाइजरको प्रयोग गरौं ।**

**स्वास्थ्य, प्रतिष्ठान र विकासका लागि सरसफाई**

पूर्ण सरसफाई अभियानलाई सफल बनाउनका लागि आ-आफ्नो टोल, गाउँलाई खुला दिशामुक्त बनाऔं । चर्पिको नियमति प्रयोग गरौं, गराऔं । दिशा धोएपछि अनि खाना खानुभन्दा अगाडि साबुन पानीले हात धुने बानी बसाऔ, ताजा, सफा खाने कुरा खाऔं । साथै आफ्नो र छिमेकको वातावरण सफा र स्वच्छ निर्माण गर्न हामी सबैं आ-आफ्नो क्षेत्रबाट अगाडी बढौं ।

**संघीय खानपानी तथा ढल व्यवस्थापन आयोजना**
**मन्थली, रामेछाप**

## FEMINISTIC VOICE

लिकुमारी शर्मा
(बस्याल)



Females are creators and makers.
The females are destroyers too.

Females are shining beings too.
Females are genuine beings.

Females are backward when poverty is there.
Feministic voice is revolutionary
It demands purity.

If the callous nature is there it is to establish morality.
Feministic voice is mediocre.

Encouragement is lost here in patriarchy.
Persuasion is to some extent.

# श्रीकृष्ण सिम्खडाको कविता संग्रह सार्वजनिक

काठमाडौं । सामाजिक अभियन्ता तथा हास्यव्यंग्य कलाकार श्रीकृष्ण सिम्खडाले कविता सङ्ग्रह प्रकाशित गरेका छन् । 'श्रीकृष्ण सिम्खडाका कविताहरु' नामक पुस्तकको बिहिबार एक कार्यक्रमकाबीच विमोचन गरिएको छ ।
कवि एवं पूर्वमन्त्री शंकरप्रसाद कोइराला तथा उनकी आमा धनकुमारी कोइरालाको हातबाट पुस्तकको विमोचन गरिएको हो । कवि कोइरालाले सिम्खडाको व्यक्तित्वको चर्चा गर्दै भने, 'बहुमुखी प्रतिभाका धनी श्रीकृष्णजीको परिचयमा अब कवि व्यक्तित्वसमेत थपिएको छ, म बधाई दिन्छु, यो क्षेत्रमा स्वागत गर्छु र सफलताको शुभकामना पनि दिन्छु । कोभिड १९ को महामारीका बेलाको फुर्सदमा मनमा फुरेका शब्द टिपोट गर्दै र ाख्दा यो कविता संग्रह बनेको सिम्खडाले बताए ।
विमोचन समारोहमा साहित्यकार कोइराला, पूर्वसचिव केशव भट्टराई, रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमला, भोजपुर सेवा समाजका अध्यक्ष पासाङ शर्पा, पशुपति विकास कोषका सदस्य देवी बरल तथा गीतकार दिपेन्द्रनाथ शर्माले कविता सङ्ग्रहमाथी टिप्पणी गरेका थिए। कविता संग्रहमा हो कि होइन ल भन्नुस्त ? प्याज किन्न गाथ्यो, उस्लाई लाज लाग्दैन, हावा चलि रह्यो, वैधानिक गुन्डा, सुतेरै बुढो भए भन्छ, नेताजी, कोरोना थियो थिएन, मेरो टोलमा साहु छ जस्ता शीर्षकमा ३६ वटा कविता समेटिए का छन् ।



# राजेन्द्र पराजुलीको केटो लाई उत्कृष्ट साहित्यिक पुरस्कार

नेपाली पत्रकारहरुको अन्तर्राष्ट्रिय सञ्जाल (इन्जा)ले स्रष्टा राजेन्द्र पराजुलीको संस्मरणात्मक कृति 'कोटेश्वरको केटो' लाई उत्कृष्ट साहित्यिक कृति पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ । सन् २०२० मा प्रकाशित नेपाली साहित्यिक कृतिमध्येबाट समीक्षा, बिक्री, साहित्यकारको सिफारिस तथा निर्णायक मण्डलको मतलाई आधार मानेर सो कृतिलाई रु एक लाख राशिको उक्त पुरस्कार प्रदान गर्ने घोषणा गरिएको प्रेस विज्ञप्तिमार्फत इन्जाले जानकारी दिएको छ । संस्मरणात्मक कृति 'कोटेश्वरको केटो' आजभन्दा साढे चार दशकअघिको काठमाडौंको दृश्य र परिवेश समेटिएको यस कृतिमा तत्कालीन काठको सजीव चित्र प्रस्तुत गरिएको छ। काठेजीवन, मानिसका आनीबानी, संस्कृति, चरित्र, सङ्घर्ष र पीडाको कथा पुस्तकमा छ । कसरी कोटेश्वरका स्थानीयवासीलाई पञ्चायती सरकार ले पलायन हुन र गरिब बन्न बाध्य पार्यो भन्ने सन्दर्भ शोधकर्ताका लागि समेत एउटा गतिलो खुराक बन्न सक्ने शिक्षा तथा साहित्य क्षेत्रका मूर्धन्य व्यक्तिको धारणा छ । तीन दशक लामो पत्रकारिताको अनुभव सम्हालेका पराजुलीले अक्षर हरुसाग पाठमा पत्रकारिताका अनेक तीतामीठा प्रसङ्ग उल्लेख छ। कथा लेखनमा विशेष दक्खल राख्नुहुने पराजुलीका यसअघि विकल्प यात्रा २०५०, जाडोमा भोक २०६२, सपनामा मार्क्स २०६८, शुक्रराज शास्त्रीको चश्मा २०७३, भ्रष्ट संवेदना, अघोरी २०७५ कथासङ्ग्रह प्रकाशित छन् ।

**पर्यटन समाचार**

# हानद्धारा पर्यटन मन्त्री जोशीलाई १४ सूत्रीय माग पत्र

काठमाडौं। नेपाल सरकारका पर्यटन मन्त्री भानुभक्त जोशीलाई होटल एसोसिएसन नेपाल (हान) ले विभिन्न माग राखी सरकारलाई १४ सुत्रीय मागपत्र पेस गरेको छ । हानले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकाललाई भेट गरी हानका प्रतिनिधिहरुले १४ बुंदे मागपत्र बुझाएका हुन् । कोरोना-१९ पछि होटल व्यवसायको क्षेत्र निकै नाजुक अवस्थामा पुगेको भन्दै हानले सो क्षेत्रको वास्तविकता बुझी सोही बमोजिम सहयोग गरि दिन पर्यटन मन्त्रीसाग माग गरेका छन् ।

कोभिड-१९ का कारण व्यापार व्यवसाय नहुंदा बैंकिङ्ग ब्याजदर किस्ता चलाउन नसकेको, भाडामा समस्या भएको, विद्युत महशुल तिर्न कठिन भएको र कर्मचारीलाई तलब समेत खुवाउन नसकिने अवस्था बनेको भन्दै सो समस्या समाधनमा सहयोग गरिदिन हानले मन्त्रीसंग आग्रह गरेको हो ।

हालका लागि होटल व्यवसाय खुल्ला गरिएपनि व्यापारका रुपमा प्रायः होटलहरु बन्द नै रहेको भन्दै कोरोनाको विशेष परिस्थिति र पर्यटक आगमनको अनिनिश्चितता हेर्दा तत्काल पर्यटन पुनरुत्थान सम्भव नदेखिएको हानको भनाई छ । कोरोनाका कारण होटल बन्द हुंदा आम्दानी शून्य रहेको समयमा अधिकतम खर्च कर्मचारीहरुको पारिश्रमिकमा जाने र विगत १० महिनादेखि कर्मचारीहरुलाई नियमित भुक्तानी भइरहेकोले ऋणमाथि ऋण थपिएको स्मरण गराउंदै अबका दिनमा कसरी कर्मचारीको व्यवस्थापन गर्ने भन्ने समस्या रहेकोले सरकारी सहयोग र समन्वयको आवश्यक औंल्याइए को छ ।

साथै व्यवसाय स्थापना, सञ्चालन तथा स्तरीकरण गर्न बैंकबाट लिइएका विभिन्न शीर्षकका ऋणको व्याज परिस्थिति अनुकूल नहुञ्जेल सम्मका लागि मिनाहा, छुट तथा भुक्तानीको समय सीमा थपिदिन र विद्युत् डिमाण्ड चार्जमा लकडाउन भर सञ्चालनमा नरहेको समयको पुरै छुटको व्यवस्था गरिदिन समेत हानले सरकारसाग माग गरेको छ ।
बिजुलीको महसुल तिर्ने समय सीमा कम्तीमा पनि एक वर्षका लागि पछाडी सारिदिन र व्यवसाय पूर्णत लयमा नफर्किदासम्म विद्युत महशुलमा ५० प्रतिशत छुटको व्यवस्था गरिदिन समेत हानले माग गरेको छ ।

आफ्ना नगर र वडाबासीलाई
कोभिड १९ सम्बन्धी सचेतना दिएर
स्वस्थ बनौं र बनाऔं ।




नागार्जुन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, हरिसिद्धि
सितापाईला, काठमाण्डौ । फोन : ०१-४६७१७१६/१७
ईमेल :Nagarjun.napa@gmail.com,

# मृत भेटिएकी कान्तीदेवी कुशवाहको हत्या भएको पुष्टि

बारा । बारा महागढीमाई नगरपालिका-१ बरियारपुरमा मृत भेटिएकी कान्तीदेवी कुशवाहको हत्या भएको खुलेको छ ।

घरभित्रै शव भेटिएको उनको हत्यामा संलग्नको आशंकामा दुई जनालाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ । घटना भएको पााच दिनपछि महागढीमाई-१ कचहरी टोलका ४२ वर्षीय लालबाबु प्रसाद कुशवाह र मठवा टोलकै ४८ वर्षीय धनेश्वरी देवी कुशवाह पक्राउ परेका हुन् ।

प्रहरीले घटनास्थलबाट अभियुक्तको रातो गम्छा र औंठी भेट्टाएको थियो । गाउाको प्रत्येक घरमा गएर गम्छा र औंठीको सम्बन्धमा बुझ्नुको साथै प्रविधिको प्रयोग गरेर अभियुक्त पत्ता लगाएको प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालयले यो घटना अनुसन्धानका लागि मिश्रकै नेतृत्वमा टोली खटाएको थियो । त्यस्तै प्रदेश नं २ प्रहरी कार्यालयले पनि प्रहरी नायब उपरीक्षक ज्ञान कुमार महतो नेतृवको टोली खटाएको थियो । पक्राउ परेका कुशवाहले घटनास्थलमा भेटिएको गम्छा र औंठी आफ्नो भएको र घटनामा आफ्नो संलग्नता स्वीकार गरेको प्रहरीको भनाइ छ ।

मृतक कान्तीदेवीको परिवार र धनेश्वरीबीच जग्गा जमिन लगायत विषयमा किचलो थियो । सोही रिसईबी सााध्नका लागि अपराधिक मनोवृत्तिका लालबाबुको साथ लिएको बाराका प्रहरी उपरीक्षक दीपेन्द शाही बताउाछन् । लालबाबु अपराधिक मनोवृत्तिका मानिस रहेछन्, उनलाई धनेश्वरीले उक्साएर घटना घटाएको देखिन्छ' उनले भने 'लालबाबुले नै मारेको हो त्यसमा कुनै शंका छैन ।

# रातो गम्छा र औंठीको सहायताले आरोपी पक्राउ

बारा । माघ २५ गते मृत भेटिएकी बारा महागढीमाई नगरपालिका-१ बरियारपुर कान्तीदेवी कुशवाहको हत्या भएको खुलेको छ । घरभित्रै शव भेटिएको उनको हत्यामा संलग्नको आशंकामा दुई जनालाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ। घटना भएको पांच दिनपछि महागढीमाई-१ कचहरी टोलका ४२ वर्षीय लालबाबु प्रसाद कुशवाह र मठवा टोलकै ४८ वर्षीय धनेश्वरी देवी कुशवाह पक्राउ परेका हुन् ।

प्रहरीले घटनास्थलबाट अभियुक्तको रातो गम्छा र औंठी भेट्टाएको थियो । गाउंको प्रत्येक घरमा गएर गम्छा र औंठीको सम्बन्धमा बुझ्नुको साथै प्रविधिको प्रयोग गरेर अभियुक्त पत्ता लगाएको प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालयले यो घटना अनुसन्धानका लागि मिश्रकै नेतृत्वमा टोली खटाएको थियो । त्यस्तै प्रदेश नं २ प्रहरी कार्यालयले पनि प्रहरी नायब उपरीक्षक ज्ञान कुमार महतो नेतृवको टोली खटाएको थियो । पक्राउ परेका कुशवाहले घटनास्थलमा भेटिएको गम्छा र औंठी आफ्नो भएको र घटनामा आ□नो संलग्नता स्वीकार गरेको प्रहरीको भनाइ छ ।

मृतक कान्तीदेवीको परिवार र धनेश्वरीबीच जग्गा जमिन लगायत विषयमा किचलो थियो । सोही रिसईबी सााध्नका लागि अपराधिक मनोवृत्तिका लालबाबुको साथ लिएको बाराका प्रहरी उपरीक्षक दीपेन्द्र शाही बताउंछन् । लालबाबु अपराधिक मनोवृत्तिका मानिस रहेछन्, उनलाई धनेश्वरीले उक्साएर घटना घटाएको देखिन्छ' उनले भने 'लालबाबुले नै मारेको हो त्यसमा कुनै शंका छैन । उसलाई प्रलोभनमा पारिएको हो वा के गरिएको हो अनुसन्धान पछि खुल्छ ।

---

**स्वास्थ्य नै ठूलो धन हो**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं अरुलाई पनि बचाऔं ।**

**सत्य,तथ्य खबर र यथार्थ सूचना प्रवाह गरौं**

# छोरी बलात्कारको केसमा बाबु पक्राउ

सुर्खेत । कर्णालीमा ९ हजारभन्दा बढी लक्षित वर्गले कोरोना भाइरस (कोभिड १९) विरुद्धको खोप लगाएका छन् । पहिलो चरणमा ९ हजार ४२० जनालाई खोप लगाइएको प्रदेश स्वास्थ्य सेवा निर्देशनालयका निर्देशक डा. रवीन खड्काले जानकारी दिए ।
उक्त प्रदेशमा ११ हजार ७८१ जनालाई खोप लगाउने योजना भए पनि झण्डै दुई हजार कम खोप लगाइएको निर्देशनालयले जनाएको छ ।
सुर्खेतमा दुई हजार ३४०, दैलेखमा एक हजार ८४३, जुम्लामा एक हजार ४०, जाजरकोटमा ६७३, हुम्लामा ४८५ र मुगुमा ४१७ जनाले कोरोनाविरुद्धको खोप लगाएको निर्देशनालयका स्वास्थ्य शिक्षा प्राविधिक बसन्त श्रेष्ठले जानकारी दिए ।यस्तै, कालीकोटमा ८००, डोल्पामा ३३०, रुकुम-पश्चिममा ८५० र सल्यानमा एक हजार दुई जनालाई कोरोनाविरुद्धको खोप लगाइएको छ ।
सरकारले यही माघ १४ गतेदेखि कोरोनाविरुद्धको खोप अभियान सुरु गरेको थियो ।

पहिलो चरणमा लक्षित वर्गअन्तर्गत स्वास्थ्यकर्मी, सफाइकर्मी, सुरक्षाकर्मी, शव वाहन चालक र स्वास्थ्य स्वयंसेविकाले खोप लगाएका छन् । अब दोस्रो चरणमा स्वाथ्यमन्त्रालयको निर्णय अनुसार पत्रकार र कूटनीतिक क्षेत्रका कर्मचारीहरुलाई खोप दिइने निर्देशक खड्काले बताए ।

# एकै नामका दुई जना पात्रद्धारा बलात्कार

गुल्मी । नेपालमा बलात्कारका घटना दिनप्रतिदिन घटिरहेका बेला गुल्मी र पाल्यामा दुई जना किशोरी एउटै नाम भएका दुई पुरुषबाट बलात्कार को शिकार भएको खुलासा भएको छ । गुल्मीको ईस्मा गाउंपालिका वडा नम्बर ४ दोहली घर भएका २३ वर्षीय दीपक नेपालीले १६ वर्षीया किशोरीलाई माघ १८ गते जवर जस्ती करणी गरेको गुल्मीका प्रहरी प्रवक्ता डिएसपी पुरुषोतम प्रसाद पाण्डेले जानकारी दिए ।
उनका अनुसार बलात्कार आरोपी दीपक नेपालीले उक्त दिन दोहोलीबाट आफ्नो मामा घर वामीटक्सारमा ललाईफकाई ति किशोरीलाई लगेर बलात्कार गरेका थिए ।
उनीबिरुद्ध माघ २० बते जवरजस्ती करणीको जाहेरी परेपछि उनलाई पक्राउ गरि हिरासदमा राखिएको र अदालमा म्याद थरेर अनुसन्सान अगाडी बढाइएको डिएसपी पाण्डेले जानकारी दिए ।
त्यस्तै पाल्पाको रिब्दिकोट गाउंपालिका बस्ने २९ वर्षीय दीपक नेपालीले माघ २३ गते राति घरमा सुतिरहेकी १७ वर्षीया किशोरीलाई अचानक आई जवरजस्ती करणी गरेको पाल्पा प्रहरीले बताएको छ ।

**रोजगार समाचार**

# प्राविधिक तथा स्वास्थ्य सेवाका पांचौ तहका लागि ५ सय पदमा आवेदन माग

काठमाडौं । लोक सेवा आयोगले राजपत्र अनंकित प्रथम श्रेणी प्राविधिक तथा स्वास्थ्य सेवाका पांचौं तहका लागि पांच सय बढी पदमा आवेदन मागेको छ ।

राष्ट्रिय पत्रिका गोरखापत्रमा सूचना निकालेर आयोगले खुला र समावेशी प्रतियोगितामार्फत् परीक्षाका लागि इच्छुकहरूबाट आवेदन माग गरेको छ ।

दरखास्त अनलाइनबाट पनि भर्न सकिन्छ । आयोगले सब(इन्जिनियर, कम्प्युटर अपरेटर, प्राविधिक सहायक, रेन्जरलगायत पदमा आवेदन खुला गरेको हो ।

# एक्लै बिदेश जाने महिलाहरूको लागि कार्यविधि तय

काठमाडौं । नेपालका महिला वर्ग बिदेश जाने धेरै मात्रा रहेको र बिदेशमा गएर अलपत्र हुनुका साथै शारीरिक र मानसिक यातना पाएर कयौंको उद्दार गरिएका घटना धेरै छन् । यसैको मध्यनजर गर्दै अध्यागमन विभागले एक्लै विदेश भ्रमणमा जाने महिलाहरूको लागि कार्यविधि संशोधन प्रस्ताव गरेको छ ।

विभागले अध्यागमन कार्यविधि २०६५ को भिजिट भिसासम्बन्धी व्यवस्थालाई संशोधन गर्ने प्रस्ताव गृह मन्त्रालयमा पठाएको हो ।

नयां कार्यविधिअनुसार ४० वर्षमुनिका महिलाहरू एक्लै विदेश जांदा अब वडा कार्यालयको र पारिवारिक सहमति अनिवार्य चाहिने भएको छ ।

मानव तस्करी बढेको, शोषणमा परेको, समस्यामा भए उद्धार गर्न नसकिएको, औषधी उपचार नपाएर बिजोग भएको अवस्थालाई मध्यनजर गर्दै कार्यविधि संशोधन प्रस्ताव गरिएको विभागले जनाएको छ ।

विभागले कार्यविधि संशोधन प्रस्ताव तीन दिनअघि गृह मन्त्रालयमा पठाएको छ । गृहको कानुन शाखामा आवश्यक छलफल भई कार्यविधि चांडै लागू हुने विभागका सूचना अधिकारी टेकनारायण पौडेलले बताए ।

उनका अनुसार ४० वर्षमुनिका महिला एक्लै भ्रमणमा जाादा वडा कार्यालय र परिवारको सहमति लिएर मात्र जानु पर्ने छ । कतिपय महिलाहरू परिवारको सहमतिबेगर पनि हिड्ने गरेकाले त्यसलाई कडाइ गर्न पारिवारिक सहमति खोजिएको पौडेलले बताए ।

त्यस्तै, त्यसरी विदेश जाने महिलाका लागि पन्ध्र लाखसम्मको निर्जीवन दुर्घटना बिमा अनिवार्य बनाउनुपर्ने छ ।

महिलाहरूको लागि अहिले के भिसा, पासपोर्ट, टु वे टिकट, होटल बुकिङलगायत अनिवार्य थियो । तर, त्यसरी गएर उतै काम खोज्ने र नयां भिसा बनाएर काम गर्ने गरेको पाइएको विभागले जनाएको छ ।

'त्यसरी उतै काम गरेर बस्दा कहाा बस्ने, के गर्ने भन्ने सुनिश्चितता छैन, त्यसरी काममा जाने महिलाहरू बेचबिखनको जोखिममा परेको, दुर्घटनामा परे उपचार नपाएको, समस्यामा पर्दा उद्धार गर्न नसकेको अवस्था छ,' पौडेलले भने, 'कम्तीमा अब त्यस्तो भए पनि उद्धार गर्न सकियोस् भनेर कार्यविधि अद्यावधिक गरिन लागिएको हो ।'

हालको कार्यविधिको दुरुपयोग भएको र महिलाहरू थप शोषणमा नपरून् भनेर कार्यविधि संशोधनको प्रस्ताव गरिएको विभागका महानिर्देशक र मेश केसीले बताए । यो अहिले गृह मन्त्रालयमा विचाराधीन छ, तर हालको कार्यविधिले महिलाहरूलाई जोखिममा पारेको अवस्थालाई मध्यनजर गरी संशोधन प्रस्ताव गरिएको हो । ४० वर्षमुनिका महिला परिवारका सदस्य वा श्रीमानसंग भ्रमणमा जांदा भने पालिकाको सिफारिस र बिमा अनिवार्य छैन ।

**स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर मात्र घरबाहिर हिड्ने गरौं । नियमित साबुन पानीले हात धुने गरौं ।**

### अब बोल्न..........

तर कुनै अपराधीलाई झैं गरेर पक्राउ गरिएको भन्दै उनले अघि भने, बोल्न पनि नपाउने ? मुखमा टेप लगाएर बस्नुपर्ने हो ?

अपराधीलाई पक्राउ गर्न नसकेको तथा बलात्कारी खुमलखुल्ला हिंडिरहेको भन्दै उनले अघि भने, 'बलात्कारका घटनामा कति जनाले न्याय पाए ? कति जना थुनामा गए ? यसको जवाफ सरकारले दिनुपर्दैन ?

गृहमन्त्री स्वयंले आफ्नो पार्टीका अर्का अध्यक्षलाई चिडिया खानामा लगेर थुन्नुपर्छ भनेर बोलेको भन्दै उनले भने, त्यस्तो बोले बापत कार बाही हुन्छ कि हुन्न ?

### गणतन्त्र.......

नखुलाइएपनि त्यो अधिकार प्रधानमन्त्रीमै रहने जिकिर गरे । सार्वभौम अधिकार जनतामा छैन, गणतन्त्र र संघीयता खारेज गर्न मिल्छ ।

वरिष्ठ अधिवक्ता विष्णु भट्टराईले सार्वभौम अधिकार जनातामा नरहेको दावीसहितको बहस गरेका छन् । सर्वोच्च अदालतमा सोमबार प्रतिनिधिसभा विघटनविरुद्धको रिटमामाथि प्रधानमन्त्रीको तर्फबाट बहस गर्दै उनले जनताबाट निर्वाचित प्रधानमन्त्री भएकाले सार्वभौम अधिकार स्वतः प्रधानमन्त्रीमा रहने दावी गरे ।उनले प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्न पाउने जिकिर गर्दै संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्थामा चुनावमा जाने निर्णय प्रधानमन्त्रीले लिन्छन् भने त्यसलाई सबैले स्वीकार गर्नुपर्ने बताए ।

'घरमा हात्ती पालेको छ भने बोकालाई जति घाास हालेर अघाउादैन', उनले भने, भने, 'संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्थामा निर्वाचन गर्दैमा बहुदलीय व्यवस्था धरापमा पर्छ र ?, हात्ती पालेर निर्वाचनमा जान किन डराउने ?

संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्थामा निर्वाचनको 'चारो' हाल्न डराउन नहुने उनको भनाइ थियो । संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्थाको 'हात्ती पालेर बोकालाई जसरी थोरै घाास हाल्ने कुरा गर्न नमिल्ने' उनको तर्क थियो ।

उनले गणतन्त्र र संघीयता जस्ता विषय खारेज गर्न मिल्ने व्यवस्था संविधानमा रहेको पनि जिकिर गरे । 'गणतन्त्र, संघीयता खारेज गर्न नमिल्ने भन्ने प्रोभिजन संविधानमा छैन', उनले भने ।

उनले केपी शर्मा ओली संविधानको धारा ७६ (१) अनुसार प्रधानमन्त्री बनेको भन्दै संविधानमा विघटनको व्यवस्था रहेको जिकिर गरे । संविधानमा विघटन गर्ने अधिकार बारे नखुलाइएपनि त्यो अधिकार प्रधानमन्त्रीमै रहने जिकिर गरे ।

### प्रधानमन्त्री.....

समूहले काठमाडौंमा आयोजना गरेको आमसभामा नेतृ झांक्रीले राष्ट्रपति जस्तो सम्माननीय संस्था आफूहरुको बलिदानीले प्राप्त भएको र त्यस संस्थाविरुद्ध बोल्ने दुस्साहस आफूले नगरेको बताइन् ।

कुनै व्यक्ति निर्वाचनको प्रक्रियाबाट त्यो संस्थामा गएर निरंकुशताको साक्षी बस्छ, एउटा प्यादा बन्छ भने त्यस्ता पात्रविरुद्ध बोल्न पाइन्छ' उनले भनिन्, 'एउटा खलपात्रविरुद्ध बोल्दै गर्दा कसले भन्छ महिला अस्मिता मिचियो भनेर ?

महिला अस्मिता त त्यतिबेला बलात्कृत भएको छ, जतिबेला निर्मला पन्त, भागरथी भट्ट जस्ता किशोरीहरु बलात्कृत भएका छन्, उनीहरुको हत्या भएको छ' उनले अघि भनिन् ।

राष्ट्रपतिबारे आफूले गरेका टिप्पणीले गर्दा महिला हिंसा भएको भन्दै विरोध भएकोतर्फ इंगित गर्दै उनले भनिन्, 'तानाशाह बन्दै गरेको अहंकारी र सन्की प्रधानमन्त्रीको प्यादा बन्ने व्यक्तिविरुद्ध बोल्न पाइन्छ । यहाा महिला अस्मिताको प्रश्न आउंदैन ।

अखिल नेपाल महिला संघलाई विद्या भण्डारीले १८ वर्षसम्म प्राइभेट कम्पनी बनाएको र त्यसका सदस्यहरुले महिला अस्मिताको प्रश्न उठाएको भन्दै उनले अघि भनिन्, 'मलाई जन्न मन छ, भागरथीहरुका हत्याराहरुलाई कारबाही गर भनेर गृह मन्त्रालय पुगे कि पुगेनन् ?

नेता झााक्रीले प्रधानमन्त्री ओली कागजी बादशाह भएको बताइन् । बादशाहहरु कमजोर बन्दै गएपछि कागजका अग्ला कदका बुख्यााचा बनाउने भन्दै उनले भने, ओली कागजी बादशाह हुन्, ती ढलिसके, घोषणा हुन मात्र बांकी छ ।

आफूहरुले व्यक्तिको नभई ओली प्रवृत्तिको विरोध गरेको भन्दै उनले पार्टीमा आगामी दिनमा यस्तो प्रवृत्ति जन्म हुने नदिने प्रतिवद्धता जनाउन नेताहरुलाई आग्रहसमेत गरिन् ।

### केपी जी ..........

हेप्ने गल्ती कसैले नगरे हुन्छ ।' संवैधानिक निकायमा पुगेकाहरुले खेलाची ठान्दा देश र जनताले दुःख पाउने प्रचण्डको चेतावनी छ ।
आफूले बोल्दा अदालतको अवहेलना भएको पनि भन्ने गरेको भन्दै प्रचण्डले भने, 'मैले कहिल्यै अपमान गरेको छैन । अदालतप्रति भरोसा छ, छिटो गरिदेऊ भनेको छु । गर्ने त्यही हो, छिटो गर । निर्वाचन आयोग खुट्टा नकामाऊ, काइते कुराको पछि नलाग ।
संवैधानिक निकायहरुले डर धाक धम्की नहेरुन्, स्वतन्त्र ढंगले काम गरुन भन्ने चाहेको उनले बताए । प्रचण्डले प्रधानमन्त्री ओलीलाई पनि अर्को पटक फेरि १० लाख जनता लिएर बालुवाटार र सिंहरदबार घेर्न आउन नपरोस् भनेर चेतावनी दिएका छन् ।

# प्रधानमन्त्री केपी शर्मा ओलीले जालझेलपूर्ण बाटो अपनाएर संवैधानिक निकायमा सिफारिस र सपथ गराए - सुर्यनाथ उपाध्याय

काठमाण्डौ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तसहित विभिन्न संवैधानिक निकायका पदाधिकारीले सपथ खाएका छन ्। उनीहरुले काम गर्ने निकाय संवैधानिक हुन् तर उनीहरु गैरसंवैधानिक र गैरकानुनी मार्गबाट त्यहांसम्म पुगेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले जालझेलपूर्ण बाटो अपनाएर उनीहरुको सिफारिस र सपथ गराएका छन ्। पुस ५ गते मन्त्रिपरिषद्ले सिफारिस गरेको केही घन्टा नबित्दै राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटन गरिदिइन । यो प्रक्रियाको सुरुमै संसद विघटन गर्ने र सिफारिस भएकाहरुलाई संसदीय सुनुवाइबिना सपथ खुवाउने योजना थियो भन्ने अहिले देखिएको छ । संसद सचिवालयमा नाम दर्ता गरेर संसदीय सुनुवाइ समितिमा नाम नपुग्दै प्रतिनिधि सभा विघटन गरियो । उनीहरुको सुनुवाइ नगरी जबरजस्ती सपथ खुवाइयो ।

संघीय संसदको कार्य सञ्चालन नियमावलीमा संवैधानिक परिषदबाट सिफारिस भएकाहरुको ४५ दिनसम्म संसदीय सुनुवाइ नभए स्वतः नियुक्ति मानिने भएकाले अहिले सपथ खुवाइएको भनिएको छ । एक त नियमावलीको यो प्रावधान संविधानको भावनासाग मिल्दैन। संवैधानिक निकायको नियुक्ति संसदीय सुनुवाइ भएरमात्र हुनु पर्छ भन्ने संविधानको आशय हो । अर्कातिर संसदीय समिति अस्तित्वमै भएका बेला ४५ दिनसम्म सुनुवाइ नभए पो स्वतः नियुक्त भएको मानिने हो । संसदीय समिति नै नभएका बेला ४५ दिनको नियम कसरी लागु हुन्छ ?

**अहिलेसम्मका घटनाक्रम हेर्दा दुइटा कुरा देखिन्छ**

पहिलो, आयोगमा जो नियुक्त भए उनीहरूले त्यहाा केही काम गर्नै सक्दैनन् । उनीहरू क्षमतावान् वा नैतिकवान् छैनन् भनेको होइन । नियुक्त भएकामध्ये कतिपयलाई व्यक्तिगत रूपमा म चिन्छ । उनीहरू राम्रै मान्छे छन् । तर महत्वपूर्ण कुरा के हो भने,गैरकानुनी बाटोबाट त्यहां गएपछि उनीहरूको सार्वजनिक साख बााकी रहेन । उनीहरू कसरी त्यहाा पुगे भन्ने थाहा पाएका आमनागरिकले उनीहरूलाई विश्वास गर्दैनन् । उनीहरूप्रति विश्वास नगर्नु भनेको उनीहरूको संस्थाले गर्ने कामप्रति विश्वास नगर्नु हो । नैतिक ताकत नभएको मान्छे जोसुकै आयोगको प्रमुख भए पनि उसले कसरी काम गर्न सक्छ र सार्वजनिक जीवनमा आफनो इमान स्थापित गरेका मानिसहरुले यो नियुक्तिलाई अस्वीकार गर्नुपर्थ्यो । उनीहरूले अस्वीकार गरेको भए ओलीको यो जालझेलको प्रपञ्च सफल हुन्थेन, उनीहरूको इमान पनि बांकी रहन्थ्यो ।

यो प्रकरणमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाले झन् ठूलो गल्ती गरेका छन् । उनले न त प्रधानन्यायाधीशको गरिमा राख्न सकेका छन्, न त अदालतको ।

प्रधानन्यायाधीश संवैधानिक परिषद्को सदस्य हुने व्यवस्था छ । सिफारिस हुने बैठकमा उनी सहभागी हुनु स्वभाविक मान्न सकिन्छ । तर त्यो सिफारिसविरूद्ध सर्वोच्च अदालतमा रिट आउादा दर्ता नगरेर आफैं गएर सपथ खुवाउन हुन्छ ? अदालतमाउनी पनि सहभागी भएको बैठकको सिफारिसविरूद्ध रिट आएपछि उनी झगडिया भए । झगडियाले गएर सपथ खुवाउने ?

उनले सर्वोच्च अदालतमा रिट दर्ता गरेर अदालतमा मुद्दा भएकाले मैले सपथ खुवाउन मिल्दैन भनेर प्रधानन्यायाधीशको गरिमा राख्नुपर्थ्यो ।

मेरो विचारमा त प्रधानन्यायाधीशको यो गल्ती महाअभियोग लगाउने खालको छ । प्रधानमन्त्री ओलीले गरेको गैरसंवैधानिक नियुक्तिमा मतियार बनेका उनलाई महाअभियोग लगाउनु पर्छ ।

म अख्तियारको प्रमुख आयुक्त सिफारिस हुादा संवैधानिक परिषद पााच सदस्यीय हुन्थ्यो । त्यतिबेला कांग्रेसको सरकार थियो, सभामुख कांग्रेसको हुनुहुन्थ्यो । प्रमुख प्रतिपक्षी दल नेकपा एमाले थियो । राष्ट्रिय सभाको अध्यक्ष राष्ट्रिय प्रजातन्त्र पार्टीका हुनुहुन्थ्यो । यसरी फरक-फरक मानिसहरूको बैठक बसेर सिफारिस भएको हो ।

### मेरो गोरुको..............

ओलीका हरेक कदमलाई निस्तेज पार्दै कारवाही र निस्कासनको रणनीति समेत लिइरहेको छन् । यसरी दुबै समूह आ-आफ्ना कारवाहीमा उत्रिए पछि नेकपा नै नरहने होकी भन्ने अन्यौल पैदा भएको छ ।
ओलीले पार्टीको कुनै बहुमतको निर्णय नमान्ने बताइरहेका छन् भने प्रचण्ड-माधव समुहले पार्टीमा बहुमतको निर्णयमा नमान्ने हो भने प्रधानमन्त्री र पार्टी अध्यक्षबाट राजीनामा दिएर मार्ग खोल्न समेत बताइरहेका बेला अहिले नेकपाका दुबै समूहले मेरो गोरुको बाह्रै टक्का गरिरहेका छन् । नेकपाका दुबै पक्ष शक्ति देखाउनलाई सकडकमा रमिते देखाइरहेका बेला नेकपा को आधिकारिता र संसद पुनस्थापनको वहस सर्वोच्वमा समेत चलिरहेको छ ।

सूचना

काठमाण्डौ उपत्यका विकास प्राधिकरणको खोला किनारामा निर्माण गर्ने सम्बन्धमा देहायको खोलाको नापीको नक्साबाट कायम रहेको छेउबाट दायाँ बायाँ देहायका दुरी छोडी निमार्ण गर्न पाइने सम्बन्धमा नेपाल सरकार (म.प.) बाट मिति २०६५/८/१ मा निर्णय गरिएको सम्बन्धमा सर्वसाधारणमा जानकारी गराइन्छ ।

१. बागमती, विष्णुमती र मनहरा खोलामा २० मीटर
२. धोबीखोलाको हकमा धोबीखोला आयोजना भएको स्थानमा प्रोजेक्टको प्लानिङ अनुसार दुरी र प्लानिङ बाहेकका स्थानमा -९ मीटर
३. नक्खु खोलामा - १२ मीटर
४. बल्खु, कर्मनासा, कोड्कु, साङ्ले र महादेव खोलामा - १० मीटर
५. करमुखी खोलमा - ६ मिटर
६. टुकुचा, सामाखुसी र उपत्यकामा बग्ने अन्य खोलामा ४ मीटर र कुनै पनि खोला, खोल्सी र राजकुलो छोप्न पाइने छैन ।
७. हनुमन्ते खोला बग्ने क्षेत्रका नगरोन्मुख गा.वि.स.हरुमा समेत र खोलाको किनाराबाट २० मीटर छाडी निर्माण पाइने ।'साथै मापदण्डको परिच्छेद २ को प्रकरण नं. ६.२ को देहाय १ र २ मा रहेको FAR १.२५ को सट्टा १.५ 'कायम गर्ने ।')

काठमाण्डौ उपत्यका विकास प्राधिकरण
अनामनगर, काठमाण्डौं

# प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताको उपाधि आर्मीलाई

काठमाण्डौं । प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल एपिएफ पराजित गर्दै त्रिभुवन आर्मी क्लबले जितेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा भएको फाइनल भिडन्तमा आर्मीले एपिएफलाई ३३ रनले पराजित गर्दै उपाधि जितेको हो । आर्मीले दिएको २१२ रनको लक्ष्य पछ्याएको एपिएफ ४१.३ ओभरमा १७८ रनमा अलआउट भयो । आर्मीले अन्तिम चार बलमा एपिएफको तीन विकेट लिदै खेल आफ्नो पक्षमा पारे पनि तर आर्मीले रोमाञ्चक रुपमा खेल जित्न सफल भएको छ ।



# नौ गोलको थ्रिलरमा टोटनह्याम पराजित

काठमाण्डौ । नौ गोलको थ्रिलरमा टोटनह्याम हटस्पर्सलाई पराजित गर्दै एभर्टन एफए कपको क्वार्टर फाइनलमा प्रवेश गरेको छ। खेलमा एभर्टनले स्पर्सलाई ५-४ गोलले पराजित गरेको हो ।

खेलको तीन मिनेटमा नै डेभिन्सन सान्चेजले एभर्टनलाई अग्रता दिलाएका थिए। तर, पहिलो हाफको अन्त्यअघि ८ मिनेटको अन्तरमा तीन गोल गर्दै एभर्टनले खेलमा अग्रता लियो । डोमिनिक काल्भर्ट लेविन, रिचार्लिसन र गिल्फी सिगर्डसनले गोल गर्दै एभर्टनलाई २ गोलको अग्रता दिलाए । तर, पहिलो हाफको इन्जुरी समयमा एरिक लामेलाले गोल गर्दै स्पर्सलाई खेलमा फर्काउने प्रयास गरे ।
दोस्रो हाफमा सान्चेजले बराबरी गोल फर्काएपछि रिचार्लिसनले पुनः एभर्टनलाई अग्रता दिलाए। ८३ औं मिनेटमा ह्यारी केनले गोल गर्दै खेल पुनः बराबरी गरे । त्यसपछि ९७ औं मिनेटमा बर्नार्डले निर्णायक गोल गर्दै एभर्टनलाई जीत दिलाए। उता, म्यान्चेस्टर सिटीले कीर्तिमानी जीत हासिल गर्दै प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। सिटीले स्वान्सीलाई ३-१ गोलले हरायो । सिटीको जीतमा कायल वाल्कर, राहिम स्टर्लिङ र ग्याब्रियल जिसुसले गोल गरे। स्वान्सीका लागि मोर्गन विटटेकरले सान्तवना गोल गरे ।

पेप ग्वार्डिओलाको टोलीले घरेलु प्रतियोगितामा हासिल गरेको यो लगातार १५ औं जीत हो। योसंगै सिटीले इङ्ल्याण्डको शीर्ष लिगमा कुनै पनि टोलीले लगातार सबैभन्दा धेरै जीत हासिल गरेको कीर्तिमान बनाएको छ। यसअघि आर्सनल ले सन् १९८७-८८ र प्रेस्टनले १८९१-९२ मा १४ खेल जितेको कीर्तिमान बनाएको थियो ।




छिमेकी मुलुक भारतमा फेरि कोरोना भाइरस बढ्न थालेपछि नेपालले सजक र सर्तकता अपनाउन सबैलाई अनुरोध गर्नुपर्छ ।

# बार्सा सोफियासंग पराजित

काठमाडौं । कोपा डेल रेको सेमिफाइनलको पहिलो लेगमा बार्सिलोना सेभियासाग पराजित भएको छ । खेलमा सेभियाले बार्सिलोनालाई २-० ले पराजित गरेको हो ।

सेभियालाई जीत दिलाउन जुलेस कोउन्डे र बार्साका पूर्व खेलाडी इभान र्याकिटिचले गोल गरे। पहिलो हाफमा कोउन्डेले आफ्नो पेनाल्टी एरियाबाट बललाई अघि बढाउदै बार्सिलोनाका चार खेलाडीलाई छलाएर उत्कृष्ट गोल गरे। र्याकिटिचले दोस्रो हाफको अन्त्यमा गोल गर्दै सेभियाको जीत सुनिश्चित गरे ।

खेलको अन्त्यतिर लियोनेल मेस्सीको प्रहारलाई सेभियाका गोलकिपरले बचाऊ गरेका थिए । जुलेन लोपेटेगुईको टोलीले अब ३ मार्चमा क्याम्प नाउमा दोस्रो लेग खेल्नेछ। दोस्रो सेमिफाइनलमा एथ्लेटिक बिल्बाओ र लेभान्ते भिड्ने छन् ।

# रोनाल्डोले बनाएको कीर्तिमानी सुवारेजले तोडे

काठमाडौं । एथ्लेटिको म्याड्रिडमा लुइस सुवारेजको उत्कृष्ट प्रदर्शन जारी रहेको छ। उनले सेल्टाभिगो विरुद्ध गोल गर्दै क्रिस्टियानो रोनाल्डोले बनाएको कीर्तिमानसमेत तोडेका छन् ।

वान्डा मेट्रोपोलिटानो स्टेडियममा खेलिएको खेलमा उरुग्वेका स्ट्राइकर ले पहिलो हाफको अन्त्यतिर गोल गर्दै एथ्लेटिकोलाई बराबरी गर्न मद्दत गरेका थिए। सान्टी मिनाको गोलले पाहुना टोलीले खेलको १३ औ मिनेटमा नै अग्रता लिएको थियो ।

३४ वर्षीय खेलाडीले दोस्रो हाफमा पुनः गोल गर्दै एथ्लेटिकोलाई अग्रता दिलाएका थिए । बार्सिलोनाबाट आएयता लुइस सुवारेजले डिएगो सिमिओनीको टोलीका लागि मात्र १७ खेलमा १६ गोल गरेका छन् । योसागै २१ औं शताब्दीमा स्पेनको शीर्ष लिगमा कुनै क्लबका लागि शुरुवाती १७ खेलमा १६ गोल गर्ने उनी पहिलो खेलाडी बनेका छन् । यसअघि सन् २००९ मा म्यान्चेस्टर युनाइटेडबाट रियल आएपछि क्रिस्टियानो रोनाल्डोले १७ खेलमा १५ गोल गरेका थिए ।

खेल बराबरीपछि एथ्लेटिकोले बार्सिलोना र रियल म्याड्रिडसाग शीर्ष स्थानमा ८ अंकको दुरी बनाउन सफल भएको छ । सिमिओनीको टोलीले अझै एक खेल कम खेलेको छ ।

एथ्लेटिकोको उत्कृष्ट प्रदर्शनमा सुवारेजको भूमिका महत्पूर्ण रहेको छ। उनले लियोनेल मेस्सीभन्दा पनि ३ गोल बढी गरेका छन् ।

बार्सिलोनाले लुइस सुवारेजलाई टोलीबाट जान दिनु ठूलो गल्ती भएको समीक्षकहरुले बताइरहेका छन् ।

भ्रष्टाचार जघन्य अपराध हो यसको न्यूनीकरण गर्नुपर्छ ।



# महानायिकाको पगरी करिश्मा मानन्धरलाई

काठमाण्डौ । सिने जगतकी व्यस्थ अभिनेत्री करिश्मा मानन्धरलाई महानायिकाको उपाधिबाट सम्मान गरिएको छ। काठमाडौंमा आयोजित आरके इन्टरटेनमेन्ट ग्रुपले आफ्नो बीसौं वार्षिकोत्सवको अवसरमा करिश्मालाई महानायिका उपाधिबाट सम्मान दिएको हो ।

आरके इन्टरटेनमेन्ट ग्रुपले एघार वर्षअघि, आफ्नो नवौं वार्षिकोत्सव मा अभिनेता राजेश हमाललाई महानायकको उपाधिबाट सम्मान गरेको थियो ।

१४ वर्षको कलिलो उमेरबाट फिल्म क्षेत्रमा प्रवेश गरेकी करिश्माले २०४२ मा फिल्म ‘सन्तान’ बाट सिनेमा क्षेत्रमा प्रवेश गरेकी थिइन् । झन्डै तीन दशक फिल्म क्षेत्रमा सक्रिय उनी चर्चा र सफलताको केन्द्रमा रहिन् । ’मायालु’, ’कस्तुरी’, ’ट्रक ड्राइभर’, ’पन्छी’, ’साथी’, ’बसन्ती’ आदि उनका चर्चित फिल्म हुन् ।

कार्यक्रममा करिश्मालाई राजेश हमालले ’महानायिका’ लेखिएको स्यास पहिराइदिएका थिए । ‘म एक कलाकार हुं । यसलाई मैले अरू कलाकारहरूले मलाई गरेको सम्मानको रुपमा लिएकी छु,’ करिश्माले सम्मान पाएपछि भनेकी छन्, ‘म जे छु त्यसलाई आत्मसात गरेर सम्मान गर्नुभयो । त्यसमा खुशी छु। कार्यक्रममा करिश्मा जस्तोसुकै परिस्थितिमा पनि आफू सिनेमाबाट



टाढा नहुने बताइन् । ‘नमरुन्जेल पर्दामा आइरहने प्रक्रिया जारी नै हुनेछ,’ उनले भनिन् । आरके इन्टरटेनमेन्ट ग्रुपले फिल्म क्षेत्र चलायमान राख्न र योग्य व्यक्तिलाई सम्मान गर्न महानायिका को दर्जाबाट करिश्मालाई सम्मान गरेको बताएको छ । कार्यक्रममा करिश्मा र राजेशबाहेक निर्देशक तथा कलाकार नीर शाह, नेपाल विद्युत प्राधिकरणका पूर्व-कार्यकारी निर्देशक कुलमान घिसिङ, शिक्षा तथा समाजसेवी रमेश अधिकारी लगायतलाई राष्ट्रिय सम्मान दिइएको थियो ।

# भारतीय अभिनेता राजीव कपूरको निधन

भारतीय अभिनेता राजीव कपूरको निधन भएको छ । राजीव कपूरको दयाघातका कारण निधन भएको उनका ठूला दाजु रणधीर कपूरले बताएको बीबीसीले उल्लेख गरेको छ ।



राजीव कपूर ५८ वर्षका थिए । उनी राज कपूरका कान्छो छोरा थिए भने रणधीर कपूर र ऋषि कपूरका भाइ थिए । उनले राज कपूरको फिल्म ‘राम तेरी गंगा मैली’ बाट फिल्मी यात्रा सुरु गरेको थिए । त्यो फिल्म निकै सफल रहेको थियो । यद्यपि राजीव कपूरले धेरै फिल्ममा काम गरेनन् । ऋषि कपूरको निकै चर्चित फिल्म ‘प्रेम ग्रंथ’ लाई राजीव कपूरले निर्देशन गरेका थिए ।

# प्रियंका चोपाडालाई धम्की

अभिनेत्री प्रियंका चोपडाले आफ्नो अटोबायोग्राफी अनफिनिश्ड लेख्दै बलिउडका विषयमा थुप्रै विषयबस्तुको उजागर गरेकी छिन् । बलिउडभित्रको पितृसत्ता र फेभरिटिज्मको बारेमा पनि उनले लेखेकी छिन् ।

उनले आफ्नो जीवनीमा स्किम्ड फ्रम द काउचको पोडकास्टको विषयमा पनि लेखेकी छिन् । उनले फिल्मको विषयमा लेखेकी छिन् । उनले फिल्मका को स्टारको विषयमा कुनै पनि जानकारी नदिइ आफ्ना प्रोड्युसर र निर्देशकले बढी पारिश्रमिक मागेको विषयलाई लिएर धम्की दिएको खुलाएकी छिन् । निर्देशक र प्रोड्युसरलाई आफ्नाको स्टार अभिनेताको जति पारिश्रमिक माग्दा सेटबाट लेखेट्ने धम्की समेत दिएको बताइन् ।

यति मात्र होइन उनले एउटा फिल्मबाट सजिल्यै अभिनेत्री परिवर्तन हुने गरेको समेत खुलाएकी छिन् ।


**दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाईउद्धार सम्बन्धि सूचना**

**महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा रहेको “राष्ट्रपति महिला उत्थान कार्यक्रम” बाट नेपाली सेना, स्थानीय स्वास्थ्य संस्था, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसंग समवन्य गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाईउद्धार कार्यक्रम संचालन भइरहेको छ । दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई हवाईउद्धार गर्नु परेमा निम्न ठेगानामा सम्पर्क गर्नु हुन अनुरोध ।**

**सम्पर्क**
राष्ट्रपति महिला उत्थान समन्य इकाई,
महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा
सम्पर्क व्यक्ति : अन्जु ढुङ्गाना, प्रमुख महिला विकास अधिकृत
सम्पर्क : ९८५१२५५२५४
ईमेल : pup.mowcsc@gmail.com

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सुचना तथा प्रशारण विभाग**



**“सबै प्रकारका कारोबारलाई डिजिटल स्टिममा बनाऔं, तपाई/हामी मिली डिजिटल नेपालको निर्माणमा जुटौं”**

हाम्रा सेवाहरु :
- Web Design
- Web Development
- Web Hosting
- Software Development
- Graphic Design
- Video Editing
- Domain Regestration
- Digital Marketing
- Social Media Marketing
- Search Engine Optimization

JOOGLE TECHNOLOGY Pvt.Ltd
Kirtipur, Kathmandu, Nepal
Ph:9851245821, 9802030722
Email: joogletech@gmail.com
web: www.joogletech.com

“समयमै बुद्धि पुर्याऔं, आफ्नो कारोबारलाई डिजिटल सिस्टममा रुपान्तरण गरौं”